वर्ष : २०, अंक : २०, काठमाडौं, २०८१ असोज ११ गते शुक्रबार, 27 September, 2024, Friday पृष्ठ : ८, मूल्य रू : १०/-

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

डिजिटल प्लेटफर्ममा मधेशवाणी

https://www.facebook.com/madheshvaninews

https://twitter.com/madheshvani

https://www.youtube.com/@madheshvanit.v.7538

https://www.madheshvani.com

# मधेशका मुख्यमन्त्री सिंहको १०० दिन

♦ उपलब्धि के-के छन् ? ♦ चुनौती र अवसर ♦ मधेश प्रदेशमा जनता राज, स्वराज, १० लाख रोजगारी कहिले ?

जनकपुरधाम । जनमत पार्टी नेतृत्वको मधेश प्रदेश सरकारले सय दिनमा गरेका कामकाजको संक्षिप्त विवरण सार्वजनिक गरिएको छ ।

मुख्यमन्त्री सतिशकुमार सिंहले बुधबार एक कार्यक्रमको आयोजना गरी आफ्नो कार्यकालको सय दिनमा भएका मुख्य कामकाजको विवरण सार्वजनिक गरेका हुन् ।

मुख्यमन्त्री सिंह नेतृत्वको मधेश प्रदेश सरकार गठन भएको सय दिनको अवधि पार गरेको केही दिन भएको छ । गत जेठ २५ गते प्रदेश सरकार प्रमुखका रूपमा मुख्यमन्त्री सिंहले शपथ ग्रहण गरेका थिए । मुख्यमन्त्री सिंहले सय दिनको अवधिमा आफ्नो कार्यकालमा भएका कार्यहरुको विवरण सार्वजनिक गर्दै भनेका छन्, 'मैले सरकारको कार्यकारी प्रमुखका रूपमा कार्यभार सम्हालिरहँदा आर्थिक तथा सामाजिक रूपान्तरणका लागि केही नीतिगत प्रतिबद्धता र सङ्कल्पसहितको कार्ययोजना साझा गरेको थिएँ । त्यसअनुरूप हामीले सरकार सञ्चालनको प्रारम्भिक र सर्वसम्मत खाका, गति र कार्यशैली सुनिश्चित गरी नूतन सोच तथा अक्षय निष्ठाका साथ अघि बढिरहेका छौं । यसबीचमा हामीले उत्तरदायित्व र जिम्मेवारीका साथ सुशासन र विकासका पक्षमा तीव्र तर परिणामुखी, महत्त्वाकांक्षी तर दीर्घकालीक प्रभावयुक्त र जनताका आवश्यकताको लेखाजोखा गरी नीतिगत रूपमा सशक्त एवम् पारदर्शी कार्ययोजना कार्यान्वयन गरिरहेका छौं ।'

संरचनागत र व्यवस्थापकीय कठिनाइ, कर्मचारी व्यवस्थापन, मानव संशाधन क्षमता एवम् अनुभवको कमी, न्यून आर्थिक स्रोत आदिका कारण प्रदेश सरकारका कतिपय जिम्मेवारी प्रक्रियागत कारणले अलमलमा पर्ने गरेको सिकाइ र अनुभव आफूसँग रहेको उनको भनाइ थियो । 'कहिलेकाहिँ संवैधानिक अस्पस्टता, सङ्घीय कानुन निर्माण नहुनु तथा विद्यमान कानुन कार्यान्वयनका समस्या र अत्यावश्यक विषयमा प्रादेशिक कानुनसमेतको अभावले प्रदेश सरकारका काम प्रभावित भइरहेको स्थितिका बारेमा हामी जानकार समेत थियौं ।', उनले भने ।

त्यसैले कार्यकालको आरम्भमै आफूले ती आधारभूत समस्या र त्यसबाट उत्पन्न परिणाम एवम् समाधानका उपायका बारेमा गहिरो अध्ययन गरी प्रदेशको प्रशासकीय सुधार, सुशासनको प्रत्याभूति, समृद्धि, सन्तुलित एवम् आत्मनिर्भर मधेशका लागि तीव्रतर र परिणाममुखी काममा जोड दिएको उनले दाबी गरेका हुन् । उनले भने, 'यसले प्रदेशवासीमा मौजुदा प्रदेश सरकारप्रति गहिरो



विश्वास र अपूर्व भरोसा कायम भएको मैले महसुश गरेको छु । कुनैकुनै पक्ष वा कोणबाट सङ्घीयताप्रति गरिने नकारात्मक टिप्पणी वा गलत तथा भ्रामक भाष्य निर्माणको दुष्प्रयास पनि प्रदेश सरकारप्रति बढ्दो जनविश्वास, अपेक्षा र उत्साहका कारण निस्तेज भइरहेको हामीले अनुभूत गरेका छौं ।'

विकाससम्बन्धी योजनाका लागि सोच, गन्तव्य, प्राथमिकता र परिस्करणलाई लिएर अत्यन्त ठूलो सतर्कता अपनाएको दाबी गर्दै मुख्यमन्त्री सिंहले भनेका छन्, 'खासगरी दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पुरा गर्न तथा प्रदेश अर्थतन्त्रलाई आत्मनिर्भर, सबल र उन्नतीशील बनाउन बहुआयामिक र नवीन प्रयास गरेका छौं । यसले नै समृद्धिसहितको सामाजिक न्याय र समानता सुनिश्चित गर्न समानुपातिक, समावेशी पूँजी निर्माण र सहभागितामूलक प्रादेशिक अर्थतन्त्र विकसित हुने हाम्रो विश्वास छ ।'

असल, अर्थपूर्ण र नयाँ अभ्यासको थालनीबाट सकारात्मक परिणाम हासिल गर्न सकिन्छ भन्ने कुरामा उनी दृढ विश्वास गरेको छ । 'मैले प्रदेश मन्त्रिपरिषद्का सदस्यहरूसँग कार्यसम्पादन सम्झौताका लागि करार गरेको यहाँहरूलाई विदितै छ । त्यसअनुसार विभिन्न मन्त्रालयबाट निर्धारित समयभित्रमै कार्यसम्पादन सूचक र मूख्य नतिजा क्षेत्रसहितको विवरण प्राप्त भएका छन् ।' उनले भने । मन्त्रालयका कार्यक्रम, क्रियाकलाप र कार्यान्वयनको समयसीमासहितको विवरण स्वीकृत भई अहिले कार्यान्वयनमा छ । यसले सरकारका काममा प्रगति, पारदर्शिता र समयबद्धता कायम हुने स्थिति तयार भएको उनको जिकिर छ ।

प्रदेश निजामती सेवा, प्रदेशका अन्य सरकारी सेवा, प्रदेश संगठित संस्थाको सेवा र स्थानीय सेवाको पदमा उपयुक्त उम्मेदवारको छनौटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीको प्रवर्द्धन, सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउन प्रदेशमा लोकसेवा आयोग छ । तर, आयोगमा अध्यक्ष र एक सदस्य उमेरहदका कारण सेवानिवृत्त भएपछि स्वाभाविक रूपमा प्रदेशमा कर्मचारी भर्ना, बढुवा र कर्मचारीसम्बद्ध विभिन्न परामर्शका कार्य लामो समयसम्म बाधित भए ।

'हामीले प्रदेश लोकसेवा आयोगमा रिक्त अध्यक्ष र एक सदस्य नियुक्त गरी आयोगलाई पूर्णता दिएका छौं । आयोगले प्रदेश सरकारका लागि जनशक्ति व्यवस्थापनको कार्य द्रुत गतिमा अगाडि बढाएको छ ।' उनले भनेका छन् ।

मधेश प्रदेशको समग्र कृषि प्रवर्द्धन र विकासका लागि कृषिक्षेत्रमा महिला स्वयंसेविका परिचालन गर्ने उद्देश्यले कृषि महिला स्वयंसेवक कार्यक्रम अगाडि बढाइएको छ । यसबाट कृषिक्षेत्रसँग सम्बद्ध सूचना विस्तृत र सरल ढंगले किसानसम्म पुग्ने, प्रदेश सरकारका कृषिसम्बन्धी नीति र कार्ययोजनामा किसानको पहुँच बढ्ने, कृषि प्राविधिक र किसानबीच समन्वयकर्ता कायम हुने, माटो परीक्षणको उपादेयता र विषादीका प्रभावबारे किसानलाई जानकारी हुने, महामारीका विषयमा सम्बन्धित निकायसम्म समयमै सूचना पुग्ने, कृषिक्षेत्रमा भुइँतहका सम्भावना र समस्या पहिचान हुनेजस्ता कार्य प्रभावकारी ढंगले हुनेछन् ।

*कार्य विवरण पृष्ठ ४ मा*

## कार्यकारी सम्पादक पुरस्कृत



काठमाडौं । प्रेस काउन्सिल नेपालद्वारा मधेशवाणीका कार्यकारी सम्पादक रामसुकुल मण्डल पुरस्कृत भएका छन् । काउन्सिलको ५५औं वार्षिकोत्सवको अवसरमा आइतबार राष्ट्रपति भवन शीतल निवासमा आयोजित वार्षिक प्रतिवेदन सार्वजनिक तथा पुरस्कार वितरण कार्यक्रममा 'प्रेस काउन्सिल समावेशी पत्रकारिता पुरस्कार-२०८१' बाट सम्मानित भएका हुन् ।

राष्ट्रपति रामचन्द्र पौडेलको उपस्थितिमा सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङ र काउन्सिलका अध्यक्ष बालकृष्ण बस्नेतले संयुक्तरुपमा सो नगदसहित पुरस्कृत गरेका छन् । यस्तै कार्यक्रममा यो वर्षको प्रेस काउन्सिल गोपालदास पत्रकारिता पुरस्कारबाट अन्नपूर्ण पोस्ट दैनिकका प्रधान सम्पादक अखण्ड भण्डारी र नेपाल प्रेस इन्स्टिच्युट (एनपीआई) लाई संयुक्त रूपमा सम्मानित भएका छन् । प्रेस काउन्सिल सुरेन्द्रबहादुर बस्नेत पत्रकारिता पुरस्कारबाट पत्रकार बद्री सिग्देल पुरस्कृत भएका छन् । काउन्सिलले वार्षिकोत्सवका अवसरमा प्रत्येक वर्ष सशक्त सञ्चारकर्मी, क्रियाशील, युवा, समावेशी, भाषागत, साहित्यिक, विधागतसहितका पुरस्कार प्रदान गर्दै आएको छ ।

## जसपा नेपालले पदाधिकारीलाई अभियानमा खटायो

काठमाडौं । जनता समाजवादी पार्टी (जसपा) नेपालले आफ्ना पदाधिकारी तथा कार्यकारिणी सदस्यलाई जनतासँग जसपा नेपाल आधारभूत सङ्गठन निर्माण अभियानमा खटाएको छ ।

पार्टीको केन्द्रीय कार्यकारिणी समितिको बैठकले प्रदेशस्तरीय अभियान परिचालन, अनुगमन र निरिक्षण गर्नका लागि जिम्मेवारी तोकेको हो ।

जसअनुसार सुदुरपश्चिम प्रदेशमा गोविन्द चौधरी, कर्णाली प्रदेशमा उपमहासचिव दीपक कार्की, लुम्बिनी प्रदेशमा उपाध्यक्ष राजकिशोर यादव, गण्डकी प्रदेशमा उपाध्यक्ष शिबलाल थापा मगरलाई खटाइएको छ ।

त्यसैगरी बागमती प्रदेशमा सचिव सुनी लामा, मधेस प्रदेशमा केन्द्रीय कार्यकारिणी सदस्य हरिनारायण यादव र कोसी प्रदेशमा सचिव राजकुमार राई र कार्यकारिणी सदस्य जयराम यादवलाई तोकिएको छ ।

पार्टीले खटाएका पदाधिकारी तथा कार्यकारिणी सदस्यले आ-आफ्नो प्रदेशमा रहेका केन्द्रीय कार्यकारिणी सदस्यहरुका साथै प्रदेश समितिहरु सँग समन्वय एवं सहकार्य गरी कार्य गर्न भनिएको छ । तोकिएका अभियन्ताले अभियानको प्रतिवेदनसमेत तयार पार्नुपर्ने छ ।

जसपा नेपालले चार महिने अभियान सञ्चालन गरिरहेको छ । सोही अभियानअन्तर्गत सोमबार पाँचथरमा अभियन्ता अभिमुखिकरणको आयोजना गर्न लागिएको छ ।

जिल्ला समन्वय समितिको सभाहलमा आयोजित कार्यक्रमको प्रमुख अतिथि पार्टीका अध्यक्ष उपेन्द्र यादव रहेका छन् । यस अघि जसपा नेपालले काठमाण्डौ, जनकपुर, वीरगञ्ज, बिराटनगर, पोखरा, भैरहवा, नेपालगञ्ज, धनगढीमा अभियन्ता अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिसकेको छ ।

## नागरिक उन्मुक्तिका उपाध्यक्षसहितका नेताहरू राष्ट्रिय मुक्तिमा समाहित

काठमाडौं । नागरिक उन्मुक्ति पार्टीका केन्द्रीय उपाध्यक्ष विजय कुमार यादवसहित दुई दर्जनभन्दा बढी केन्द्रीय नेताहरु राजेन्द्र महतो नेतृत्वको नवगठित पार्टी राष्ट्रिय मुक्ति क्रान्ति नेपालमा समाहित भएका छन् ।

उपाध्यक्ष यादवसहित २६ जना केन्द्रीय नेताहरु एक विज्ञप्ति जारी गरी राष्ट्रिय मुक्ति क्रान्ति नेपालमा समाहित भएको जनाएका छन् ।

विज्ञप्तिमा भनिएको छ, 'अत्यन्त पीडाबोधका साथ हामीले अत्यन्तै मिहेनत गरि बनाएको नागरिक उन्मुक्ति पार्टीबाट अलग हुने निर्णयमा पुगेका छौं । नागरिक उन्मुक्ति पार्टी स्थापना हुनु भन्दा अगाडि देखि नै पार्टीको विभिन्न स्वरुपमा सक्रियपुर्वक सुरुदेखि साथ दिइरहेका हामीले पार्टीभित्र देखा पर्न थालेको सांगठनिक एवम् सैद्धान्तिक विचलन तथा गलत प्रवृत्तिलाई सुधार गरेर भएपनि पार्टी बनाउने अठोटका साथ हिडेका हामीले गलत तत्वहरु नसुध्रिने छाँटकाँट नदेखेपछि यो अप्रिय निर्णय लिन बाध्य भएका हौं ।'

नागरिक उन्मुक्ति पार्टीका अध्यक्ष तथा शीर्ष तहमा विभिन्न जिम्मेवारीमा रहेका केन्द्रिय नेतृत्वले पार्टीलाई सही दिशा दिन नसकेको, सैद्धान्तिक वैचारिक पथमा विचलन आई व्यक्तिवादी प्रवृत्ति हावी भएको ठहर गर्दै नेतृत्वले पार्टीलाई प्राइभेट लिमिटेड सम्झी आफ्नै विरासत सम्झिने गरेको गुनासो ती नेताहरुको छ । 'हामीलाई पहिचान सहितको संघीयता, संघीय लोकतान्तित्रक गणतन्त्र नेपालको संस्थागत विकास र समाजवादी आन्दोलनको मूल प्रवाहबाट पृथक रहने छुट छैन भन्ने कुराको समेत हामीले महसुस गरेका छौं । अहिले मुलुकले बहुल राष्ट्रिय राज्य स्थापना सहितको समाजवादी राजनीतिक नेतृत्वका साथ सही राजनीतिक कार्यक्रम, राजनीतिक कार्यदिशा दिनसक्ने विचारको खोजी गरिरहेको समेत हामीले महसुस गरिरहेका छौं ।' विज्ञप्तिमा भनेका छन् ।

२६ जना केन्द्रीय नेताहरुले विज्ञप्तिमा 'बहुल राष्ट्रिय राज्य स्थापना सहित समृद्ध मधेश तथा समृद्ध देश निर्माणका लागि हामीले आवश्यक छलफल गरि नयाँ हिसाबले अगाडी बढी श्री राजेन्द्र महतोको नेतृत्वमा रहेको राष्ट्रिय मुक्ति क्रान्ति नेपाल पार्टीमा समाहित भएका छौं ।' उल्लेख गरेका छन् ।



## सम्पादकीय

# असल नेतृत्वको खडेरी !

नेपाल दुई ठूला विशाल र आर्थिक शक्ति मुलुकका बीच रहेर पनि गरिबी, अभाव र भ्रष्टाचारबाट ग्रसित मुलुकको रुपमा परिचित हुँदै आएको छ। नेपालसँग समृद्धि हासिल गर्नका हरेक आधारभूत कारणहरु रहँदा पनि गरिबी र दरिद्रताको अवस्थामा बस्नुको कारण खोज्नुपर्ने हो। नेपालका नेतृत्वहरु असक्षम वा अदूरदर्शी होइनन्, उनीहरु आफ्नो स्वार्थमा लिप्त रहेको कारण आज मुलुकको दुर्दशा रहेको छ। हाम्रा नेताहरु किन आफ्नो स्वार्थकेन्द्रित भए ? हामीलाई कस्ता नेता चाहिन्छ ? सामान्यतया निर्वाचनको समयमा विभिन्न राजनीतिक संगठनबाट उम्मेदवार बन्ने व्यक्तिहरूलाई नेता बुझिन्छ। निर्वाचनमा स्वतन्त्र रूपमा उम्मेदवारी दिने व्यक्तिहरू र उम्मेदवारहरूको समर्थनमा प्रचार प्रसार गर्ने, जनमत संकलन गर्ने, आफ्नो पक्षधर जनतालाई दु:खको घडीमा सहयोग गर्ने व्यक्तिहरू नेता कहलाउँछन्। कुनै पनि राजनीतिक संगठन वा राजनीतिक विचारधारा बोकेका समूहको उच्चदेखि तल्लो दर्जाका प्रत्येक सदस्यहरूलाई नेता भनि सम्बोधन गरिन्छ। गाउँघरदेखि नगर र शहरसम्मका नागरिकको विभिन्न समस्याहरूको समाधान गर्न वा सानातिना मुद्दाहरूलाई राजनीतिक मुद्दा बनाई विशाल रूप दिने प्रत्येक व्यक्तिहरूलाई नेता भनिन्छ। त्यतिमात्र नभएर स-साना झै-झगडादेखि लिएर ठूल-ठूला अपराधिक घटनामा समातिएका व्यक्तिहरू पक्राउ परेको खण्डमा छुटाइदिन सहयोग गर्ने व्यक्तिलाई नेताको रूपमा बुझ्ने गरिन्छ। नेता बारेको हाम्रो दृष्टिकोणमा परिवर्तन ल्याउनु पर्दछ। नेता भनेको त बाटो हराएको बेला आवश्यक र उत्तम निर्णय लिई अग्रगामी पथ प्रदर्शक हो। गाँउ, समाज, समूह, संस्था वा राज्यमा सु-व्यवस्था कायम गर्ने संयोजकको भूमिका निर्वाह गर्ने व्यक्ति नेता हुन्। समसामयिक संकटको अवस्थालाई दिगो समाधान र प्रगतिशील विचारधाराको नेतृत्वकर्ता नै साँचो अर्थमा नेता हुन सक्दछन्। समस्याको गाँठो झन्-झन् कस्नका लागि कुनै नेताको आवश्यकता नै पर्दैन। यसप्रकारको कार्य कुनै पनि तहका पटमूर्खले सजिलै गर्न सक्छ। कुनै पनि व्यक्ति शीर्ष पदाधिकारी हुने बित्तिकै नेता हुन सक्दैनन्। ऊ उच्च नोकरशाहसम्म हुन सक्छ। जो अलग-अलग विशेषता र क्षमताका धेरैथरी मानिसलाई साथ-साथ लिएर सही गन्तव्यतिर अघि बढ्न सक्छ, त्यो नै नेता हो। आफूलाई नेता कहलाउन चाहनु र यथार्थमा नेता हुनु फरक-फरक कुरा हुन्। हाम्रो देश नेपालको अवस्था पनि यस्तै हो। यहाँ नेता कहलिन चाहने व्यक्तिहरूलाई नै नेता भनि सम्बोधन गरिन्छ। नेपालमा नेता हुन चाहने व्यक्ति धेरै देखा परेका छन् तर नेता भनिन योग्य मानिस चाहिं विरलै मैदानमा देख्न पाइन्छ। नयाँ पुस्तामा त्यस्ता केही मानिस देखा परिरहेका छन्। तिनलाई साथ दिन र प्रोत्साहित गर्नु आवश्यक भएको छ। नेता बनाएर बन्ने कुरो होइन्, संकटका बेलो साहसका साथ सम्भव अग्रगामी समाधान लिएर जो मैदानमा देखापर्छ त्यो नै नेता हुन्छ। भारतका सुभाष चन्द्र बोसले संकटका बेलामा भारतीय युवाहरूलाई एकिकृत गर्ने प्रयास गरे, त्यसैले उहाँलाई नेताजी भनिन्छ। महात्मा गाँधी कहिल्यै राज्य र पार्टीको उच्च पदमा थिएनन् तर उनी जुन प्रकारले नेतृत्व गरे नेता थिए। माओ पदले राष्ट्रपति, प्रधानमन्त्री शासक भएनन् तर उनी हरेक हिसाबले नेता थिए। लेनिन, अब्राहम लिंकन र फिडेल क्यास्त्रो पदमा पनि थिए, नेता पनि थिए। २००७ सालको प्रजातान्त्रिक आन्दोलनका नेतृत्वकर्ता बि.पि कोइराला पदमा थिए र पुष्पलाल पार्टीको पदमा मात्र थिए तर उनीहरू असलमा नेता थिए। त्यस्तै समकालीन परिवेशमा पुष्पकमल दाहालले देखाएको क्षमता र गरेको नेतृत्वको कारण उहांलाई नेता मान्न सकिन्छ। वर्षौंदेखिको समस्या समाधान गर्न भएको मधेश आन्दोलनको नेतृत्वकर्ता उपेन्द्र यादवलाई नेता भन्नु पर्दछ। तर नेता प्रचण्ड र यादव लगायतकाले आफैले आफैलाई चिन्न सकिराखेका देखिदैन। र सबैलाई स्वीकार्य हुने देशका सम्भावित नेता हुने प्रक्रियाबाट आफैंले आफैंलाई तलतिर ओराल्ने कार्य उनीहरू आफैं गरिराखेका छन्। यस्तो अवस्थामा उनीहरूलाई अगुवा बनाएर नेतृत्वको भूमिकामा रहेका अरू नेताहरूको अवस्था पनि दिनप्रतिदिन चिन्ताजनक बन्दै गईरहेको छ। २०६४ सालभन्दा पूर्वको अवस्थाबाट नेपालीहरू त पीडित थिए नै। संविधानसभाको निर्वाचन, गणतन्त्र, संघीयता, समानुपातिक निर्वाचन प्रणाली, समावेशी सहभागिता, समानता, न्याय र प्रत्यक्ष मतदानबाट कार्यकारी प्रमुखको निर्वाचन जस्ता तार्किक र नेपालको हित तथा विगतका संकटबाट निकास युक्त नयाँ परिवर्तनकारी विचारधारा बोकी उदयमान भएका नेताहरू पनि विश्वास गर्न योग्य हुन सकेनन्। जनआन्दोलन, जनयुद्ध, मधेशी, दलित र अरू पिछडिएका समुदाय, जाति, वर्ग र क्षेत्रका क्रान्तिकारी नेताहरू जब संविधानसभाको निर्वाचनमा सहभागी भएका थिए। नागरिकले आफ्नो भविष्य लेख्न ती शक्तिहरूलाई अपार मतले विजयी बनायो। तर त्यसपछिको क्रियाकलापले जनमानस निरास भइसकेका छन्।

# जसपा नेपाल नेतृत्वको मधेश सरकारले ऐतिहासिक कार्यहरू गर्‍यो

हाम्रो पार्टी जनता समाजवादी पार्टी, नेपालको नेतृत्वमा गठन भएको प्रदेश सरकारले गरेका महत्वपुर्ण ऐतिहासिक कार्यहरुको संक्षिप्त विवरण।

**पृष्टभूमि**

नेपालको अन्तरिम संविधान २०६३ मधेशी, आदिवासी जनजाती, महिला, दलित, मुस्लिम, थारु लगायतका सिमान्तकृत समुदायको दृष्टिकोणले विभेदकारी, केन्द्रीकृत तथा एकात्मक राज्य व्यव्स्था कायम गर्ने, नश्लीय चिन्तन बोकेका, उत्पीडित समुदायको भावनालाई समेट्न नसकेको तथा पश्चगामी रहेकाले २०६३ माघ २ गते मधेशी जनअधिकार फोरम, नेपालका अध्यक्ष मा. उपेन्द्र यादव लगायतका नेताहरुले जारी अन्तरिम संविधानको प्रतिलाई जलाई आन्दोलनको शंखनाद गरे। संघीयता, समानुपातिक समावेशिता, प्रतिनिधित्व तथा नागरिकता प्राप्तीजस्ता महत्वपुर्ण सवालहरुलाई जनचाहना अनुसार समेट्न नसकिएकोले मधेशमा जनविद्रोहको शूरुवात भयो। यो विद्रोह अगाडी बढ्दै जाँदा तत्कालिन नेपाल सरकारको प्रधानमन्त्री गिरिजा प्रसाद कोईराला नेतृत्वको सरकारले घुडाँ टेकि २०६४ भाद्र १३ गते मधेशी जनअधिकार फोरम, नेपालसंग २२ बुँदे सम्झौता गरे। सम्झौतालाई नेपाल सरकारले कार्यान्व्यन नगरि धोखा दिन थालेपछी मधेशी जनअधिकार फोरम नेपाल, तमलोपा र सद्भावना पार्टी समेतले संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा गठन गरि पुन: आन्दोलनको शुरुवात गरे। सबै प्रकारको विभेद अन्त्य गर्दै नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य तथा बहुदलिय लोकतान्त्रिक शासन प्रणालीलाई स्थापना गर्न जारी आन्दोलनबाट बाध्य भएर नेपाल सरकारले २०६४ फाल्गुन १६ गते संयुक्त लोकतान्त्रिक मधेशी मोर्चासंग ८ बुँदे सम्झौता गरे। तत्पश्चात अन्तरिम संविधान संशोधन गर्न सडकदेखि सदनसम्म संघर्ष जारि रह्यो। जसले गर्दा नेपालमा संघीयता, समानुपातिक समावेशिता, जनसंख्याको आधारमा प्रतिनिधित्व, नागरिकता, मावन अधिकार, स्वतन्त्र न्यायपालिका, समाजिक न्यायको हक जस्ता महत्वपुर्ण सवालहरुलाई संम्बोधन हुनेगरि अन्तरिम संविधानमा समावेश गरियो। सामन्ती, निरंकुश, केन्द्रीकृत, एकात्मक राज्य व्यव्स्थाले सिर्जना गरेको विभेद र उत्पीडनको अन्त्य गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यव्स्था स्थापना भयो।

नेपालको इतिहासमा पहिलो पटक संविधान सभाबाट संविधान निर्माण गर्न दुई पटक संविधान सभाको निर्वाचन भई गठन भएको संविधान सभाबाट संविधान निर्माण गर्दा मधेशी, आदीवासी जनजाती, महिला, दलित, मुस्लिम, थारु समुदाय लगायतले अन्तरिम संविधानमा भएको व्यव्स्था तथा उत्पीडित समुदायको भावनालाई समेट्न नसकेको नेपालको संविधान जारी गर्दा तत्कालिन हाम्रो पार्टी संघीय समाजवादी फोरम, नेपाल लगायतका केही पार्टीहरुले यथास्थीतिमा संविधान स्वीकार गर्न नसकि मधेशमा भिषण आन्दोलनको शुरुवात गरे। मधेशमा जारी जनविद्रोहलाई दबाउन खोज्दा कैंयौ मधेशी सपुतहरुले आफ्नो ज्यानको बलिदानी दिए। उत्पीडित समुदायको जारी संघर्षको बिच ठुला पार्टीहरुले जबरजस्ती नेपालको संविधान जारी गरे। बिडम्बना त्यही संविधान कार्यान्वयनमा संविधान जारी गर्नेहरु बेईमान देखिएका छन। उल्टै संविधानको अनुसूचीमा रहेका अधिकारहरुका सूचीहरु कार्यान्वयन नगरि संघीयता, समानुपातिक समावेशिता, पहिचान, पँहुच र प्रतिनिधित्वको सवालमा पश्चगामी देखिएको छ।

ऐतिहासिक मधेश जनविद्रोहबाट नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य भएपनि सो अनुसारको संघीयता कार्यान्वयनमा संघीय सरकारको कमि कमजोरी देखिन्छ। राज्य पुनसंरचना आयोगबाट सिफारिस भएको १० + १ को संरचना नबनाई ७ प्रदेश घोषणा गरियो। ति ७ प्रदेशहरुमध्ये मधेशको ८ वटा मात्र जिल्ला समेटेर २ नम्बर प्रदेश बनाइयो। संविधान सभामा निर्धारण गरिएको पहिचान र सामर्थयको आधारलाई वास्तै नगरि हँचुवाको भरमा प्रदेशहरु निर्माण गरियो।



मधेश प्रदेशका पूर्वमुख्यमन्त्री मो.लालबाबु राउत गद्दी

मधेशमा संघीयताको लागि आन्दोलन हुँदा आन्दोलनकारीहरुको महत्वपुर्ण मागहरु जस्तै जनसंख्याको आधारमा राज्यका विभिन्न तह तप्का र निकायहरुमा समानुपातिक समावेशिता, जनसंख्याको आधारमा प्रतिनिधित्व, आफ्नो शासन प्रशासन, नागरिकता, आफ्नो भाषा, भेष, कला, साहित्य र संस्कृतीको छुटै पहिचानका साथै मधेश प्रदेश स्थापना लगायतका थिए। हाम्रो पार्टीको नेतृत्वमा सरकार बनेपछी प्रदेश सरकारले ऐन, कानूनमा प्रदेश सरकारको स्तरबाट गरिने थुप्रै मागहरुलाई सम्बोधन गरिएको छ।

२०७४ मंसिरमा सम्पन्न भएको आम निर्वाचनमा हाम्रो पार्टी मधेश प्रदेश सभामा सबभन्दा ठुलो दल भई राष्ट्रीय जनता पार्टीसंग मिलेर हाम्रै नेतृत्वमा सरकार गठन गरियो। यो सरकार २०७४ फाल्गुन ३ गते गठन भई २०७९ पौष २९ सम्म पुर्ण कार्यकालसम्म रह्यो। यसका साथै २०७९ मंसिरमा सम्पन्न भएको दोस्रो आम निर्वाचनमा पनि हाम्रै पार्टीको नेतृत्वमा सरकार गठन भई करिब डेढ बर्ष जति रह्यो। हाम्रो पार्टीको नेतृत्वमा गठन भएको सरकारका उपलब्धिहरु यसप्रकारका छन्।

**१) मधेशआन्दोलनको पहिचान र मधेशी शहीद परिवारको सम्मान**

प्रथम मधेश सरकारले मधेश आन्दोलनको प्रथम वीर शहीद रमेश महतोले शहादत प्राप्त गरेको दिन माघ ५ गतेलाई बलिदानी दिवसको रुपमा बिदा दिने र शहीदको सम्मान गर्ने कार्यक्रमको साथ साथै शहीदको परिवारलाई पाँच लाख सम्मान राशि र घाईतेहरुको अवस्था हेरी तीन लाखसम्मको रकम उपलब्ध गराएको थियो। शहीद परिवार तथा घाईतेहरुलाई दोसल्ला ओढाई सम्मान र कदर पत्र दिइएको थियो। त्यैगरि मधेशी शहीद प्रतिष्ठान गठन र एक शहीद परिवार, एक रोजगार कार्यक्रमको समेत गरेको थियो। पहिलो कार्यक्रम २०७५ माघ ५ गते लहानबाट शुरुवात भएको थियो र हालसम्म प्रत्येक वर्ष माघ ५ गते बलिदानी दिवस मनाउने तथा शहीद परिवार र घाईतेहरुलाइ आर्थिक सहयोगको साथै सम्मानको कार्यक्रम गर्ने गरिएको छ।

**२) प्रदेश सरकार आँनो पाच वर्षको कार्यकाल पुरा गरेको**

नेपालको इतिहासमा पहिलो पटक हाम्रो पार्टी नेतृत्वको प्रदेश सरकार पाँच वर्षको कार्यकाल पुरा गर्यो। पुरा अवधी सरकार संचालन गरेर स्थायीत्व दिने प्रयास गर्यो। विभिन्न जालझेल तथा आरोह अवरोहका बीच पनि हामिले आफ्नो सरकारको निरन्तरता दिएर मुलुकमै उदाहारण प्रस्तुत गरेका छौ। स्थायीत्व बिना मुलुको समृद्धि र विकास गाह्रो हुने भएकाले संघीय सरकारको नेतृत्व गर्ने ठुला पार्टीहरु पनि मधेश सरकारबाट सिक्नुपर्ने हो। स्थायीत्व विना महत्वपुर्ण तथा राष्ट्रिय प्रादेशिक गौरवका योजनाहरु सम्पन्न गर्न निकै गाह्रो हुने हुँदा सरकारको स्थायीत्व आवश्यक हुन्छ। जुन हाम्रो नेतृत्वको प्रथम मधेश प्रदेश सरकारले प्रमाणित गरिसकेको छ।

**३) प्रदेशको नामकरण तथा राजधानी घोषणा**

हाम्रो पार्टी नेतृत्वको सरकारले मधेश आन्दोलनको माग र भावना अनुसार प्रदेश सभाबाट दुई तिहाईभन्दा निकै बढी बहुमतले पहिचानको आधारमा प्रदेशको नाम मधेश प्रदेश नामकरण गर्यो। साथै जनकपुरधामलाई राजधानी घोषणा गरियो। मधेश प्रदेश नामकरण भएको दिन माघ ३ गतेलाई मधेश दिवसको रुपमा मनाउने कार्य गत वर्षदेखि हाम्रो पार्टीको सरकारबाट शुरु गरिएको छ।

**४) महत्वपूर्ण ऐन कानूनहरूको निर्माण**

प्रथम मधेश प्रदेश सरकारको अर्को ठुलो सफलता प्रदेश सरकारलाई संविधानको अनुसूची ६ मा समावेश भएका २१ वटा अधिकारहरुमध्ये ५८ वटा विधेयक तयार गरि ऐन बनाउन सफल भएको थियो। संघीयता कार्यान्वयन गर्न र प्रदेशलाई शक्तिसाली बनाउन प्रदेश प्रहरी ऐन, प्रदेश निजामती सेवा ऐन, प्रदेश नीति आयोग ऐन, जन लोकपाल ऐन, लोकसेवा आयोग ऐन, बालिका संरक्षण ऐन जस्ता शक्तिशाली ऐन बनाउन सफल भएको थियो।

**५) महत्वपुर्ण संस्थाहरूको स्थापना**

मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान जनकपुरधाम, धनुषा, मधेश विश्वविधालय वीरगंज, पर्सा, मधेश कृषी विश्वविधालय राजविराज, सप्तरी, प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र मुजेलिया, धनुषा, मधेश प्रदेश लोकसेवा आयोग, नीति तथा योजना आयोग, मधेश शहीद प्रतिष्ठान, मधेशको भाषा, कला, साहित्य, संस्कृतीलाई विकास गर्न मधेश प्रदेशमा मधेश प्रदेश प्रज्ञा प्रतिष्ठान गरिएको छ। मधेश प्रदेशको आर्थिक राजधानीको रुपमा रहेको वीरगंजमा याहाका उधोगी व्यवसायीहरुलाई संस्था दर्ता गर्नका लागि सहज होस भन्ने उद्देश्यले ऐनमा नै व्यवस्था गरि उधोग विभागको स्थापना गरिएको छ।

**६) महिला सशक्तिकरण अभियान**

महिलाहरुलाई समान हैसियत प्रदान गर्न प्रदेशमा निर्मित ऐन कानून प्रदेश निजामती सेवा ऐन, प्रदेश प्रहरी ऐन लगायतका ऐनहरुमा महिलालाई सबै कलस्टरमा ५० प्रतिशत आरक्षण्का प्रदान गरिएको छ भने " बेटी पढाउ बेटी बचाउ अभियान " अन्तर्गत बेटी जन्मने बितिकै तीन लाखको " छोरी मुद्दती शिक्षा बिमा ", मधेश प्रदेश भरिका आठ कक्षामा सामुदायिक विधालयहरुमा अध्य्यनरत सम्पुर्ण छात्राहरुलाई साइकल वितरण कार्यक्रम, कक्षा ११ र १२ मा अध्य्यनरत निम्न आय तथा गरिबिका रेखामुनी रहेका परिवारका मेधावी छात्राहरुलाई प्रत्येक जिल्लामा एक हजारसम्म ल्यापटप (वजेट समेतको व्यवस्था भएपनि कार्यान्वयन गर्न नसकेको) वितरण गर्ने, लोक सेवाको निशुल्क कक्षा संचालन, सामुदायिक विधालयहरुमा छात्राहरुको लागि छुटै शौचालय निर्माण जस्ता लोकप्रिय तथा सामाजिक न्यायमा आधारित कार्यक्रम संचालनमा ल्याएको थियो।

**७) मुख्यमन्त्री स्वच्छता अभियान**

मधेश प्रदेशका विभिन्न शहरहरुमा स्वच्छता कायम गर्न आठ वटै जिल्लाका विभिन्न शहरहरुमा कार्यक्रम संचालन भएको थियो। यसका लागि प्रदेशभरिका विभिन्न धार्मिक स्थलहरु तथा पोखरीको सौन्दर्यकरण गर्ने अभियानका साथै पर्यावरणिय सन्तुलन कायम गर्नको लागि व्यापक रुपले वृक्षारोपण संचालन भएको छ।

**८) सुशासन**

मधेश प्रदेशमा सुशासनम मितव्ययिता कायम गर्न मन्त्रालय तथा मन्त्रालय अन्तर्गतका निकाय, विभाग तथा कार्यालयहरुको संख्या सिमिति राखेको तथा कर्मचारीहरु पनि आवश्यकता भन्दा अत्यन्त न्युन हुदाहुदै पनि जनताको सेवाको लागि गम्भिरताका साथ अगाडी बढेको थियो। प्रदशभित्रका मन्त्रालय, विभाग तथा कार्यालयहरुमा अनियमितता, भष्टाचार तथा ढिला सुस्ति हटाउनको लागि अख्तियार दुरुपयोग अनुशन्धान आयोग संग समन्वय तथा सुझाव ग्रहण गरि संवैधानिक कानूनी प्रवधान समेतलाई असर नपर्ने गरि अनुसन्धान जाँचबुझ, अध्य्यन गरि प्रमाणसहितको प्रतिवेदन अख्तियार दुरुपयोग अनुसन्धान आयोग मार्फत कार्यवाहीको लागि पठाउने गरि जनलोकपाल ऐनद्धारा जनलोकपाल गठन गरिएको छ।

**९) प्रदेश सरकारको अधिकार प्राप्तिको लागि सर्बोच्च अदालतमा मुद्दा दायर**

संघीयतामा आफ्नो अधिकार स्थापित गर्न संघ सरकार माथि आधा दर्जन भन्दा बढि मुद्दा दायर गरिएको छ। संविधानको अनुसूचीमा रहेका अधिकारका सूची अनुसार संघ सरकार प्रहरी समायोजन, संघका मातहत रहेका विभिन्न कार्यालयहरु, सगरनाथ वन क्षेत्र लगायतका सम्बन्धमा सर्बोच्च अदालतमा रिट दायर गरिएको छ।

**१०) दलित मुस्लिम सशक्तिकरण अभियान**

मधेश प्रदेश अन्तर्गत सबभन्दा ठुलो करिब १८ प्रतिशत जनसंख्या दलित र करिब १२ प्रतिशत जनसंख्या मुस्लिम समुदायको रहेको छ। यो समुदायलाई राज्यको विभिन्न तह तप्का निकायमा जनसंख्याको आधारमा समानुपातिक समावेशी प्रतिनिधित्व तथा निजहरुको आर्थिक, समाजिक तथा राजनीतिक अवस्थामा सुधार नल्याई प्रदेशको विकास तथा समृद्धी निकै गाह्रो हुने हुँदा प्रदेश सरकार गम्भिरताका साथ समाजिक न्याय दिन प्रदेश सरकार महत्वपुर्ण कार्यहरु गरेको छ। दलितहरुको समाजिक न्याय तथा अवस्थामा सुधार ल्याउन दलित सशक्तिकरण ऐन ल्याएको छ। उक्त ऐनमा दलित समुदायलाई जनसंख्याको आधारमा सहभागिता समाजिक अपराधको रुपमा रहेको

बाँकी पृष्ठ ३ मा

## रेशम चौधरीको कारण नागरिक उन्मुक्ति पार्टी बर्बाद हुँदैछ

# राष्ट्रिय मुक्ति क्रान्ति सफल हुन्छ

**० तपाइँले नागरिक उन्मुक्ति पार्टी किन परित्याग गर्नुभयो ?**

– कुनै पनि पार्टीमा संस्थागत निर्णय हुनुपर्छ । पार्टीमा कसैले पनि एकलौटी निर्णय गरेर लाद्न सक्दैन । रेशम चौधरी जेलमा हुँदा रञ्जिता श्रेष्ठले राम्रोसँग पार्टी चलाइरहनुभएको थियो । त्यहाँसम्म मेरो कुनै असन्तुष्टि थिएन । तर, जब रेशमजी जेलमा निस्किनुभयो, तब पार्टीको गतिविधि घट्न थाल्यो । रेशमजीको बानीले गर्दा मैले पार्टी छाड्न बाध्य भएँ ।

**० रेशमजीले जेलबाट नै सो पार्टी गठन गर्नुभयो, उहाँकै बलबुत्तामा पार्टीको अहिले यो स्थिति छ । उहाँसँग तपाइँ लगायत केही नेताहरु किन असन्तुष्ट हुनुभयो त ?**

– जेलमा हुँदा रेशमजी बडो मिठो र राम्रो कुरा गर्नुहुन्थ्यो । तर जेलबाट बहिर आउँदा उहाँको व्यवहार फरक देखियो । रेशमजीले पार्टी चलाउन गाह्रो छ । एकल निर्णयले पार्टी चल्दैन । जहाँ एकल निर्णय हुन्छ, त्यहाँ विद्रोह हुन्छ । रेशमजीकै कारणले मैले पार्टीभित्र विद्रोह गरेको थिएँ । महाधिवेशनभन्दा पहिला पार्टी कार्यालयमा विधान सम्मेलनको बैठक थियो, त्यो बेला मैले फरक मत राखेको थिएँ । जब टीकापुरको बैठकमा जुन निर्णय भयो, त्यो निर्णयको विपरीत रेशमजी जानुहुन्छ । महाधिवेशन प्रतिनिधिसँग २५ सय रुपैयाँ उठाउने भन्नुभयो, कहाँबाट ल्याउँछ ? हामीले विस्तारित बैठकबाट गरिएको निर्णय लागू गर्नुपर्छ भनेको थिएँ । त्यो गर्नुभएन, जे मन लाग्छ, त्यहीं गर्नुहुन्छ । जो मान्छे पार्टीको सदस्य छैन, त्यो व्यक्तिलाई महाधिवेशन छनोट समितिको संयोजक तोकिन्छ । यस्ता कुराहरुमा मैले असन्तुष्टि राख्दा पार्टीबाट निकाल्ने कुरा गर्नुभयो । मैले भने म आफै यो पार्टीबाट राजीनामा दिन्छु ।

**० भनेपछि रेशम चौधरीको कार्यशैलीबाट असन्तुष्ट हुनुहुन्थ्यो ?**

– हो, म रेशमजीको बानी, व्यहोरा र गतिविधिका कारण असन्तुष्ट थिएँ ।

**० पार्टीको अध्यक्ष त रञ्जिता श्रेष्ठ हुनुहुन्छ नि ?**

– रञ्जिता श्रेष्ठको बानी एकदम राम्रो छ । उहाँले कार्यकर्ताको कुरा सुन्नुहुन्छ, बुझ्नुहुन्छ र त्यो अनुसार उहाँले कुनै निर्णय गर्नुहुन्छ । तर रेशमजी कार्यकर्ताको कुरा पनि सुन्नुहुन्न । आफै बोलेको बोल्यै हुनुहुन्छ, अरुको कुरै सुन्नुहुन्न । त्यसकारणले मलाई उहाँको बानी मलाई मन परेन ।

**० रेशमजीले त तपाइँहरुलाई एक वर्ष पहिला नै पार्टीबाट कारबाही गरेर निकालिसकेको भन्नुहुन्छ । तपाइँहरुले पार्टीलाई बदनाम गर्न पार्टी परित्याग गरें भनेर पार्टीको बदनाम गर्न खोज्नुभयो भन्ने आरोप छ नि ?**

– उहाँले कारबाही गर्नभन्दा पहिला नै मैले राजीनामा दिएको थिएँ तर कारबाही गर्ने अधिकार रेशमजीको छैन । रेशमजी पार्टीको साधारण सदस्य पनि छैन । कारबाही गर्ने अधिकार अध्यक्ष रञ्जिता श्रेष्ठसँग मात्र छ । उहाँले मलाई कारबाही गर्नुभएको छैन । पार्टीलाई बदनाम गर्ने काम मैले होइन, रेशमजीले गर्नुभएको हो । जुन मान्छे आफ्नो श्रीमतीमाथि विश्वास गर्दैन भने अरुमाथि के विश्वास गर्छ ? मधेश प्रदेशमा नागरिक उन्मुक्ति पार्टीको संगठन थिएन, मैले नै मधेश प्रदेशमा संगठन बनाएको हुँ । जनताले भनिरहेका छन् कि नागरिक उन्मुक्ति पार्टीमा बुढाबुढीको झगडा छ । आज कुन मुखले जनताको बीचमा जाने ? त्यसैले पार्टीको बदनाम गर्ने काम रेशमजीले गर्नुभएको हो नि त ।

**० श्रीमान-श्रीमतीको झगडाका कारण नागरिक उन्मुक्ति पार्टी बर्बाद हुँदैछ ?**

– अहिले भर्खरै रेशमजी र रञ्जिताजीबीच भद्र सहमति भएको कुरा बाहिर आएको छ । निर्णयपुस्तिका, आधिकारिक प्रस्ताव तथा डकुमेन्टहरूमा रञ्जिताले हस्ताक्षर गर्ने र ती निर्णयहरूमा रेशमको सहमति अनिवार्य रहनुपर्ने अर्थात् रेशम चौधरीको विमति रहेको विषयमा रञ्जिताले एकलौटी रूपमा निर्णय नगर्ने भन्ने भद्र सहमति भएको बाहिर आएको छ । यहाँ फेरि बेइमानी भयो । यहाँ दुईटा अध्यक्ष किन चाहियो ? के रेशमजीलाई श्रीमतीमाथि विश्वास छैन ? अनि श्रीमतीमाथि विश्वास छैन भने कार्यकर्तामाथि कसरी विश्वास हुन्छ त ? अनि त्यो पार्टी अगाडि बढ्छ त ? बढ्दैन । निर्णय गर्नुपर्ने छ भने सचिवालय छ, सचिवालयको निर्णयलाई केन्द्रीय समितिले अनुमोदन गर्ने । कार्यकर्तालाई झुक्याउने काम गरिएको छ । तर कार्यकर्ता अब होशियार भइसकेका छन् । यो पार्टी अब अगाडि बढ्न सक्दैन, हामी आफ्नो विकल्प खोजौं भनेर मैले त्यो पार्टी परित्याग गर्ने निर्णय गरेको हुँ ।

**० तपाइँको राजनीतिक पृष्ठभूमि के हो ?**

– मेरो राजनीतिक यात्रा वि.सं. २०४६ सालबाट भएको हो । ०४६ सालको आन्दोलनका बेला मलाई धेरै कुरा थाहा थिएन । त्यो बेला एक्कासी नेविसंघका विद्यार्थीहरुले मलाई हाइस्कूलको नेविसंघ सभापति बनाउनु भयो र आन्दोलनमा भाग लिएँ । ०४६ सालको आन्दोलनमा म जेल गएँ, त्यसपछि आन्दोलन सफल भयो । त्यसपछि २०४७ सालमा गजेन्द्र बाबु जनकपुर आउनुभयो, विचार सुन्नका लागि उहाँको कार्यक्रममा पुगें । उहाँको जुन विचार, उद्देश्य र सिद्धान्त थियो, त्यसबाट म धेरै नै प्रभावित भएँ । त्यहीं बेला म नेपाल सद्भावना पार्टीको सदस्यता लिएर त्यो पार्टीमा काम गर्दै आएँ । मेरो बुवा पनि नेपाल सद्भावना पार्टीमै काम गरिरहनुभएको थियो । नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) हुँदा म युवा मञ्चको महासचिव थिएँ । त्यो बेला पार्टी कार्यालय त्रिपुरेश्वरमा थियो । त्यो बेला पार्टीमा दुई जना महासचिव हुनुहुन्थ्यो, राजेन्द्र महतो र हृदयेश त्रिपाठी । भरतविमल जी सात दलको नेतृत्वमा आन्दोलन गरिरहनुभएको थियो । त्यो सात दलको आन्दोलनमा मेरो धेरै ठूलो भूमिका थियो । पछि पार्टीभित्र विभिन्न गुटउपगुट निर्माण भयो र पार्टी टुक्रा-टुक्रामा विभाजित भयो । वर्तमान अवस्थामा गजेन्द्रबाबुले निर्माण गर्नुभएको पार्टी नै विलय भइसकेको छ ।

**० तपाइँ नागरिक उन्मुक्ति पार्टीमा कसरी पुग्नुभयो ?**

– नेपाल सद्भावना पार्टी तहसनहस भइसकेपछि मुख्य नेताहरु त एडजस्ट भइहाल्यो र बीचमा कार्यकर्ता अलपत्र परे । मधेश आन्दोलनका बेला जनताको माग थियो कि सबै मधेशी दलहरु एक होस् । पछि ६ वटा पार्टी मिलेर राजपा बन्यो र म पनि राजपामै गएँ । त्यो बेलासम्म म ठिक थिएँ । जब उपेन्द्र यादवको पार्टीसँग एकीकरण गरेर जसपा बन्यो त्यहाँ म असन्तुष्ट भएँ । किनभने जब राजपा बन्यो त्यसमा उपेन्द्रजी किन अटाउन सक्नुभएन ? त्यतिबेला विचार मिलेन भने जसपा बनाउँदा कसरी विचार मिल्छ ? ६ महिनाको आन्दोलनलाई निष्कृय गर्ने काम उपेन्द्रजीले गर्नुभएको छ । उपेन्द्रजीकै कारण मधेशको माग ओझेलमा पऱ्यो । यदि उपेन्द्रजी त्यो बेला स्थानीय तहको चुनावमा भाग नलिएको भए मधेशको माग पूरा हुन्थ्यो । त्यहीं क्रममा हृदयेश त्रिपाठीजी पनि असन्तुष्ट हुनुभयो, उहाँ पनि जसपामा जानुभएन । हृदयेश त्रिपाठीजीले जनता प्रगतिशील पार्टी खोल्नुभयो, म पनि उहाँसँगै गएँ । त्यसपछि म प्रदेशसभामा चुनाव लडें । हृदयेशजीले जुन हिसावले मलाई भन्नुभएको थियो, त्यो हिसावले सहयोग गर्नुभएन । चुनाव हारिसकेपछि मैले हृदयेशजीलाई भने कि हामी चुनाव हारिसकेपछि राजनीतिक होइन । सबै उम्मेद्वारहरुलाई बोलाएर विस्तारिक बैठक गरेर एउटा दिशानिर्देशन दिनुस् भने, तर उहाँले कुनै मतलब राख्नुभएन । म एउटा राजनीतिक मान्छे । त्यसपछि म बाध्य विकल्पको खोजी गर्दागर्दै त्यो बेला मलाई लाग्यो कि नागरिक उन्मुक्ति पार्टी एउटा विद्रोहबाट जन्मेको हो र पहिचानवादी पार्टी हो भनेर मैले त्यो मुद्दा, सोच, विचार हेरेर रेशमजीसँग जेलमा गएर भेटें । उहाँले पार्टीभित्र आएर काम गर्नुस् भन्नुभयो । त्यसपछि म नागरिक उन्मुक्ति पार्टीमा लागें । मधेश प्रदेशमा मैले संगठन बनाएँ । पछि पार्टीको विस्तारित बैठकबाट मलाई उपाध्यक्षको जिम्मेवारी दिइयो । जबसम्म रेशमजी जेलमा हुनुहुन्थ्यो, तबसम्म पार्टीको गतिविधि राम्रैसँग अगाडि बढिरहेको थियो । जब उहाँ बाहिर आउनुभयो तब हाम्रो कुरा मिलेन ।



**विजय यादव**

**नेता, राष्ट्रिय मुक्ति क्रान्ति नेपाल**

**० अहिले राजेन्द्र महतोले गठन गर्नुभएको राष्ट्रिय मुक्ति क्रान्ति नेपालमा किन आउनुभयो ?**

– राजेन्द्र महतोले जुन मुद्दा उठान गर्नुभएको छ, त्यसले हामीलाई प्रभावित गरेको छ । हामीले क्षेत्रीय मुद्दा उठाएर धेरै आन्दोलन गऱ्यौं, सहादत भयो तर हाम्रा मागहरुलाई सम्बोधन गराउन सकेका छैनौं । छुट्टाछुट्टै आन्दोलन गरेर होइन अब सबै मिलेर आन्दोलन गर्नुपर्छ भन्ने उहाँको सोच हो । क्षेत्रीय हिसावले होइन, अब राष्ट्रिय हिसावले मुद्दा उठाऔं भन्ने सोच राम्रो हो । बहुलराष्ट्रिय राज्य, स्वदेशवाद र समाजवाद मुद्दा बहुत राम्रो छ । त्यसकारणले म राष्ट्रिय मुक्ति क्रान्ति नेपालमा लागें ।

**० राजेन्द्र महतोले पहिला मधेशको लागि राजनीति गर्नुहुन्थ्यो, उहाँले मधेशको मुक्ति त गर्न सक्नु भएन, अहिले राष्ट्रिय मुक्तिको कुरा गर्नुभएको छ । तपाइँलाई कसरी विश्वास लाग्यो ?**

– उहाँले मधेशको मुक्तिका लागि इमान्दार प्रयास गर्नुभएकै हो । उपेक्षित र उत्पीडित समुदायहरु एक्लाएक्लै आन्दोलन गर्दा राज्यसत्ताले सुनेन । अब समग्र उत्पीडित, उपेक्षित वर्ग समुदायले मिलेर संघर्ष गरौं भन्ने उहाँको प्रण रहेको छ । उहाँले अब समग्र राष्ट्रियताहरुलाई जोड्ने प्रयास गरिरहनुभएको छ । सबैले एक ठाउँमा मिलेर आवाज उठायौं भने निश्चितरुपमा मुक्ति हुन्छ । मधेशले केही पाएन भन्ने छैन । मधेशले केही अधिकार पाएको छ र केही बाँकी छ । बाँकी हक अधिकार प्राप्त गर्नका लागि सबै एक ठाउँमा आउनुको विकल्प नरहेको निष्कर्ष निकाल्दै राष्ट्रिय मुक्ति क्रान्तिको सुरुवात गर्नुभएको हो ।

---

## जसपा...

छुवाछुतलाई अन्त्य, दोषिलाई कडा कारवाही, दलितको छोरा छोरीहरुको उच्च शिक्षाको लागि आर्थिक सहयोग तथा राशन कार्ड उपलब्ध गराउने जस्ता महत्वपुर्ण प्रावधानहरु राखिएको छ । यस ऐनको कार्यान्वयन गरि दलित विकास समिति गठन गरि विभिन्न कार्यक्रमहरु अगाडी बढाईएको छ । साथै मुस्लिम समुदायको प्रदेशको विभिन्न तह, तप्का निकायमा ऐनद्धारा नै सहभागिता सुनिश्चितता गरिएको छ । मुस्लिम समुदायको महत्वपुर्ण पर्वहरु ईद उल फित्र, ईद उल अजहा र बाह्र रवि औवल(:यजबक्रबम म्बथ)मा क्यालेन्डरमा नै बिदा राखि सार्वजनिक बिदा दिने प्रचलनको शुरुवात पहिलो मधेश प्रदेश सरकारले गरेको छ । यसका साथै थारु लगायत अन्य जनजातिहरुको महत्वपुर्ण पर्वमा पनि प्र्देश सरकारले सार्वजनिक बिदाको थालनी गरेको छ ।

**११) प्रोजेक्ट बैंक निर्माण**

प्रोजेक्ट बैंक निर्माण गरेको छ । जसमा ५८ वटा योजना छनोट गरि ३० वटा सार्वजनिक निजी साझेदारीबाट र २८ वटा सार्वजनिक स्तरबाट गर्ने गरि राखिएको छ । यस आवधिमा पहिलो आवधिक योजना (एभचष्यमष्अ एबिल) तयार गर्नुका साथै अनुगमन मुल्याङ्कन दिग्दर्शन, योजना तर्जुमा दिग्दर्श, प्रदेश पार्श्वचित्र (एचयखष्लअभ एचयार्षभि), दिगो विकास लक्ष्य जस्ता महत्वपुर्ण डोक्युमेन्ट्सहरु तयार गरिएको छ ।

**१२) धार्मिक पर्यटकको आकर्षणमा बृद्धि हुनु**

भारतका प्रधानमन्त्री महामहिम श्री नरेन्द्र मोदीजी र उत्तर प्रदेशका माननीय मुख्यमन्त्री श्री योगी आदित्यनाथजीको जनकपुर भ्रमणलाई भव्यताका साथ सम्पन्न गरि ऐतिहासिक बनाईएको थियो । करिब चार लाख जनताको उपस्थितिमा भारतका प्रधानमन्त्री मोदीजीको जनकपुर भ्रमणको क्रममा भएको विशाल नागरिक अभिनन्दन सहितको कार्यक्रमले मधेश प्रदेशको मान र सम्मान उच्च बनाएको थियो । उक्त कार्यक्रमले जनकपुरलाई विशाल भारतमा मात्र होइन अन्तराष्ट्रिय जगतमा नै प्रसिद्धि दिलाएको थियो । यसकै परिणाम स्वरुप जनकपुर लगायतका ठाँउहरुमा धार्मिक पर्यटकहरुको आगमनमा बृद्धि भएको छ । भारतका प्रधानमन्त्री जीको भ्रमणमा प्रदेश सरकारले देखाएको अतिथि सत्कार, मिहिनेत र जनताको विशाल उपस्थितिले प्रशंसा बटुल्न सफल भएको थियो । यसका साथै प्रदेशमा रहेको जानकी मन्दिर, गढीमाई, छिनमस्ता भागवती, रौजा मजार जस्ता महत्वपुर्ण धार्मिक स्थलहरुको सौन्दर्यकरण तथा स्तरोन्नतीबाट पर्यटकहरुमा आकर्षण बढेको छ ।

**१३) विकास निर्माणका कार्यहरू**

प्रथम मधेश प्रदेश सरकार गठन भएपछि प्रदेशमा पूर्वाधार-सडक, सिचाँई, स्वास्थ्य, शिक्षाका साथै कृषिका क्षेत्रमा धेरै महत्वपूर्ण कार्यहरुको थालनी गरेको छ । बर्षौंदेखि राज्यको ध्यान नपुगेको मधेश प्रदेश अन्तर्गतका एक पालिकाको सदरमुकाम देखि अर्को पालिकाको सदरमुकामसम्म जोड्ने थुप्रै स-साना सडकहरु निर्माण गरिएको छ । ६४ वटै निर्वाचन क्षेत्रमा ५ कि.मि. कालो पत्रे गर्ने कार्यको शुरुवात गरिएको छ । यस अवधिमा करिब २२५ कि.मि. माटो सडक, ९३६ कि.मि. ग्राभेल, २५० कि.मि. कालोपत्रे सडक र २३७ कि.मि. ढलान सडक निर्माण भएको, २९२ कलभर्ट र ३२ पुल निर्माण सम्पन्न भई संचालनमा आएको, त्यसै गरि सिचाँईतर्फ ३४ हेडवर्क्स, १७४ कि.मि. कच्ची नहर निर्माण, २९ कि.मि पक्की नहर निर्माण तथा ७८ कि.मि तटबन्ध निर्माण भएको, ८ हजार ७४ हेक्टर खेतियोग्य जमिन संरक्षण, ५३ कि.मि बस्ती संरक्षण र ३६ कि.मि घाट संरक्षण गरिएको छ । स्वास्थ्य सेवा ऐन २०७८ जारी भई कार्यान्वयनमा रहेको छ । मधेश प्रदेशका अस्पतालहरुमा थुप्रै पूर्वाधारको संरचना निर्माण गर्नुका साथै विभिन्न खाले सेवा संचालन गरि सर्वसाधारणलाई सेवा प्रदान गरिदै आएको छ । कोभिड १९ जस्तो महामारीको समयमा प्रदेश सरकारले प्रदेश भित्रका सबै जनसमुदायलाई आवश्यक सेवा उपलब्ध गराई उदाहारणिय कार्य गरेको थियो । सबै जिल्लामा पि.सि.आर मेसिन खरिद गरि ल्याब स्थापना गरि आवश्यक जनशक्ति समेतको व्यवस्थापन गरि संचालनमा ल्याइएको थियो । काठमाँडौको स्तरमा प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला स्थापना गरि संचालनमा ल्याइएको छ । प्रदेशका सात वटै अस्पतालहरुमा अक्सिजन प्लान्ट जडान गरि संचालनमा ल्याइएको थियो । यसका साथै मधेश प्रदेशका पालिकाहरुमा ल्याब स्थापनाको लागि चाहिने आवश्यक सामानहरुका साथै जनशक्तिको व्यवस्थापन गरि संचालनमा ल्याइएको ।

५० वटा प्रस्तावित प्राविधिक विधालयहरुलाई प्राविधिक कक्षा संचालन गर्न स्तरोन्नतीका लागि प्रति विधालय २५ लाखको दरले रकम उपलब्ध गराइएको र सो रकमबाट प्रयोगशालाको स्थापना र स्तरोन्नती भएको छ । यसका साथै विद्यालयहरुमा प्रति जिल्ला १० जनाको दरले ८० जना अनमि म स्टाफ नर्स छनौट गरि विधालयहरुमा परिचालन गरिएको छ । यसका साथै सयौँ विधालयहरुमा छात्रा शौचालयहरुको निर्माण गरिएको छ । यसका साथै प्रदेशका विधालयहरुमा ६० बर्थिड सेन्टर, ७६ सामुदायिक भवन, १८ धर्मशालाका साथै थुप्रै ठाँउहरुमा योग भवन, खेल भवन, छात्रावास, बृद्धा आश्रम, पुस्तकालय, मदर्सा, बालगृह, विधालय भवनहरु निर्माण गरि संचालनमा ल्याइएको छ । कृषि उत्पादन बृद्धि गर्न विभिन्न कृषि सामग्रि खरिदमा विभिन्न किसिमका अनुदानहरु दिइएको छ । कोभिड १९ को समयमा साना कृषि कर्जामा व्याज अनुदान स्वरुप करिब २२ करोड प्रदान गरिएको छ । विश्वव्यापी कोरोना महामारिले रोजगारी गुमाएका अति विपन्न परिवारका लागि प्रदेश सरकारले निर्धारण गरेको कार्यविधि अनुसार करिब ३० करोड बराबरको राहत सामग्रि वितरण गरिएको छ । यसका साथै जन चाहनाअनुसार थुप्रै पूर्वाधार तथा सेवा विस्तारमा विकास गरिएको छ ।

# जनमत नेतृत्वको मधेश सरकारको सय दिन

मन्त्रीज्यूहरू, राष्ट्रसेवक कर्मचारी तथा सञ्चारकर्मी मित्रहरू,

मेरो नेतृत्वमा मधेश प्रदेश सरकार गठन भएको सय दिनको अवधि पार गरेको केही दिन भएको छ। गत जेठ २५ गते प्रदेश सरकार प्रमुखका रूपमा मैले शपथग्रहण गरेको थिएँ। मैले सरकारको कार्यकारी प्रमुखका रूपमा कार्यभार सम्हालिरहँदा आर्थिक तथा सामाजिक रूपान्तरणका लागि केही नीतिगत प्रतिबद्धता र सङ्कल्पसहितको कार्ययोजना साझा गरेको थिएँ। त्यसअनुरूप हामीले सरकार सञ्चालनको प्रारम्भिक र सर्वसम्मत खाका, गति र कार्यशैली सुनिश्चित गरी नूतन सोच तथा अक्षय निष्ठाका साथ अघि बढिरहेका छौँ। यसबीचमा हामीले उत्तरदायित्व र जिम्मेवारीका साथ सुशासन र विकासका पक्षमा तीव्र तर परिणामुखी, महत्त्वाकांक्षी तर दीर्घकालीक प्रभावयुक्त र जनताका आवश्यकताको लेखाजोखा गरी नीतिगत रूपमा सशक्त एवम् पारदर्शी कार्ययोजना कार्यान्वयन गरिरहेका छौँ।

मित्रहरू,

मेरो नेतृत्वमा सरकार गठन हुँदा एउटा आर्थिक वर्षको अन्त्य र अर्कोको सुरुवात हुने अवस्था थियो। सरकार सञ्चालनको दृष्टिले जेठ र असार महिना महत्त्वपूर्ण तथा सर्वाधिक कार्यबोझ भएको समय हो। त्यतिबेला हामीमाथि चालु आर्थिक वर्षको बजेट कार्यान्वयनमा जटिलता आउन नदिने चुनौतिसँगै आर्थिक वर्ष २०८१/२०८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने, विनियोजन विधेयक तयार गर्ने तथा पारित गराउने चटारो थियो। जसलाई हामीले निर्धारित समयमा कुशलतापूर्वक सम्पन्न गर्‍यौं।

संरचनागत र व्यवस्थापकीय कठिनाइ, कर्मचारी व्यवस्थापन, मानव संशाधन क्षमता एवम् अनुभवको कमी, न्युन आर्थिक स्रोत आदिका कारण प्रदेश सरकारका कतिपय जिम्मेवारी प्रक्रियागत कारणले अलमलमा पर्ने गरेको सिकाइ र अनुभव हामीसँग थियो। कहिलेकाहिँ संवैधानिक अस्पस्टता, सङ्घीय कानुन निर्माण नहुनु तथा विद्यमान कानुन कार्यान्वयनका समस्या र अत्यावश्यक विषयमा प्रादेशिक कानुनसमेतको अभावले प्रदेश सरकारका काम प्रभावित भइरहेको स्थितिका बारेमा हामी जानकार समेत थियौं। त्यसैले कार्यकालको आरम्भमै हामीले ती आधारभूत समस्या र त्यसबाट उत्पन्न परिणाम एवम् समाधानका उपायका बारेमा गहिरो अध्ययन गरी प्रदेशको प्रशासकीय सुधार, सुशासनको प्रत्याभूति, समृद्धि, सन्तुलित एवम् आत्मनिर्भर मधेशका लागि तीव्रतर र परिणाममुखी काममा जोड दियौँ। यसले प्रदेशवासीमा मौजुदा प्रदेश सरकारप्रति गहिरो विश्वास र अपूर्व भरोसा कायम भएको मैले महसुश गरेको छु। कुनैकुनै पक्ष वा कोणबाट सङ्घीयताप्रति गरिने नकारात्मक टिप्पणी वा गलत तथा भ्रामक भाष्य निर्माणको दुष्प्रयास पनि प्रदेश सरकारप्रति बढ्दो जनविश्वास, अपेक्षा र उत्साहका कारण निस्तेज भइरहेको हामीले अनुभूत गरेका छौँ।

मित्रहरू, विकाससम्बन्धी योजनाका लागि सोच, गन्तव्य, प्राथमिकता र परिस्करणलाई लिएर हामी अत्यन्त ठूलो सतर्कता अपनाएका छौँ। खासगरी दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पुरा गर्न तथा प्रदेश अर्थतन्त्रलाई आत्मनिर्भर, सबल र उन्नतीशील बनाउन बहुआयामिक र नवीन प्रयास गरेका छौँ। यसले नै समृद्धिसहितको सामाजिक न्याय र समानता सुनिश्चित गर्न समानुपातिक, समावेशी पूँजी निर्माण र सहभागितामूलक प्रादेशिक अर्थतन्त्र विकसित हुने हाम्रो विश्वास छ।

असल, अर्थपूर्ण र नयाँ अभ्यासको थालनीबाट सकारात्मक परिणाम हासिल गर्न सकिन्छ भन्ने कुरामा मेरो दृढ विश्वास छ। मैले प्रदेश मन्त्रिपरिषद्का सदस्यहरूसँग कार्यसम्पादन सम्झौताका लागि करार गरेको यहाँहरूलाई विदितै छ। त्यसअनुसार विभिन्न मन्त्रालयबाट निर्धारित समयभित्रमै कार्यसम्पादन सूचक र मूख्य नतिजा क्षेत्रसहितको विवरण प्राप्त भएका छन्। मन्त्रालयका कार्यक्रम, क्रियाकलाप र कार्यान्वयनको समयसीमासहितको विवरण स्वीकृत भई अहिले कार्यान्वयनमा छ। यसले सरकारका काममा प्रगति, पारदर्शिता र समयबद्धता कायम हुने स्थिति तयार भएको छ।

प्रदेश निजामती सेवा, प्रदेशका अन्य सरकारी सेवा, प्रदेश संगठित संस्थाको सेवा र स्थानीय सेवाको पदमा उपयुक्त उम्मेदवारको छनौटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीको प्रवर्द्धन, सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउन प्रदेशमा लोकसेवा आयोग छ। तर, आयोगमा अध्यक्ष र एक सदस्य उमेरहदका कारण सेवानिवृत्त भएपछि स्वाभाविक रूपमा प्रदेशमा कर्मचारी भर्ना, बढुवा र कर्मचारीसम्बद्ध विभिन्न परामर्शका कार्य लामो समयसम्म बाधित भए। हामीले प्रदेश लोकसेवा आयोगमा रिक्त अध्यक्ष र एक सदस्य नियुक्त गरी आयोगलाई पूर्णता दिएका छौँ। आयोगले प्रदेश सरकारका लागि जनशक्ति व्यवस्थापनको कार्य द्रुत गतिमा अगाडि बढाएको छ।

प्रदेशको आर्थिक विकास, सामाजिक विकास, भौतिक पूर्वाधार, जलस्रोत, ऊर्जा, प्राकृतिक स्रोत व्यवस्थापन, सुशासन, व्यवस्थापन लगायत विभिन्न विषयगत क्षेत्रको उत्पादन र व्यवसायको संरचना, ढाँचा तथा प्रविधिमा रूपान्तरण गर्नुपर्ने विषयका लागि तथ्यपरक नीति, सुझाव तथा प्रस्तावहरू सिफारिस गर्ने प्रदेश नीति तथा योजना आयोगमा क्षमता र सक्षमताका आधारमा व्यावसायिक व्यक्तिहरूलाई नियुक्त गरिएको छ। आयोगले नीति तथा योजना निर्माणमा भुइँतहको आकांक्षा प्रतिबिम्बित गर्नेगरी नागरिक समाजसँगको नियमित र निरन्त संवाद थालनी गरेको छ।

यसबीचमा हामीले लामो समयदेखि थाँती रहेको बढुवानियुक्ति, कर्मचारीको रुचि, योग्यता, दक्षता अनुभव र तालिमलाई प्राथमिकतामा राखी.तिनीहरूको उत्प्रेरणा र मनोवल अभिवृद्धि गर्ने किसिमले सरुवा व्यवस्थापन गरेका छौँ र गरिरहेका छौँ।

कानुन अभावमा प्रदेश सरकारले गर्ने सेवा प्रवाह, विकासनिर्माण र नियमनसम्बन्धी कार्यमा विभिन्न किसिमका बाधाअड्चन उत्पन्न हुँदै आएको छ। जसलाई समाधान गर्न हामीले आवश्यक कानुनका लागि विधेयक, कार्यविधि, निर्देशिका र मापदण्ड आदिको तर्जुमा प्रक्रिया तीव्र बनाई लागु गर्न प्रक्रियागत कामहरू अघि बढाएका छौँ। सालवाशी विधेयकबाहेक प्रदेश खेलकुद विकास सम्बन्धमा बनेको विधेयक, प्रदेश बालिका संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरू सम्बन्धमा बनेको विधेयक प्रदेशसभाबाट पारित भएका छन्। मेरो नेतृत्वमा सरकार गठन भएयता प्रदेशसभाको प्रथम र दोस्रो अधिवेशन गरी २९ पटक बैठक बसेको छ भने त्यसअघि कुल २१ पटकमात्र बैठक बसेको थियो। प्रदेशसभाका विषयगत समितिमा अझै धेरै महत्त्वपूर्ण विधेयक छलफलमा छन्। मन्त्रिपरिषद्ले प्रदेशसभा सचिवालय सम्बन्धी (पहिलो संशोधन) ऐन, २०८१ र प्रदेश बीउबिजन विधेयक, २०८१ लाई प्रदेशसभामा पेस गर्न स्वीकृति प्रदान गरेको छ। विभिन्न जरुरी तथा महत्वपूर्ण विधेयक मस्यौदा भई प्रक्रियामा छन् भने कार्यविधिहरू तयारीको अन्तिम चरणमा छन्।

मधेश स्वास्थ्यविज्ञान प्रतिष्ठान जनकपुरधामलाई एमबिबिएस कार्यक्रम सञ्चालनका लागि गत असार १९ गतेको मन्त्रिपरिषद् बैठकले अनुमति प्रदान गरेको थियो। त्यसलगत्तै चिकित्सासेवा आयोगले यस वर्षबाटै प्रारम्भ हुनेगरी प्रतिष्ठानलाई एमबिबिएस अध्ययनअध्यापनका लागि ५० सिटको स्वीकृति दिएको छ। मधेश प्रदेशमा सरकारीस्तरमा चिकित्साशास्त्रमा स्नातक पठनपाठन हुने पहिलो संस्था प्रतिष्ठान बनेको छ। एमबिबिएससँगै जन तथा चिकित्सा स्वास्थ्यसँग सम्बद्ध अन्य शिक्षण एवम् गुणस्तरीय तथा विशिष्टीकृत स्वास्थ्य सेवा प्रवाहका लागि प्रदेश सरकारले प्रतिष्ठानअन्तर्गतको प्रादेशिक अस्पतालमा तीन सय बेड थप्ने निर्णय गरेको छ। त्यसका लागि स्रोतसमेत सुनिश्चित गरिएको छ।

हामीले प्रदेशमा महत्त्वपूर्ण नवप्रवर्तनका योजनाहरू अघि बढाएका छौँ। जसमा शैक्षिक गुणस्तर विकासका लागि सिकाइ प्रणाली रूपान्तरण गर्न धनुषा र **सिरहा**मा शैक्षिक पार्क बनाउने प्रक्रिया अघि बढाइएको छ। बहुबुद्धिमत्ता, सामाजिक सिकाइ सिद्धान्त, विज्ञानप्रविधिप्रति रुचि बर्द्धन गर्ने र २१ औं शताब्दीको सीप प्रबर्द्धनका सिद्धान्तहरूमा आधारित शैक्षिक पार्क मधेश प्रदेशका सन्दर्भमा नवीन र महत्त्वपूर्ण कदम हो। मधेश प्रदेशका आठवटै जिल्लामा क्रमिक रूपमा एक-एक वटा शैक्षिक पार्क स्थापना गर्ने सरकारको योजना छ।

मधेश प्रदेशको समग्र कृषि प्रवर्द्धन र विकासका लागि कृषिक्षेत्रमा महिला स्वयंसेविका परिचालन गर्ने उद्देश्यले कृषि महिला स्वयंसेवक कार्यक्रम अगाडि बढाइएको छ। यसबाट कृषिक्षेत्रसँग सम्बद्ध सूचना विस्तृत र सरल ढंगले किसानसम्म पुग्ने, प्रदेश सरकारका कृषिसम्बन्धी नीति र कार्ययोजनामा किसानको पहुँच बढ्ने, कृषि प्राविधिक र किसानबीच समन्वयकर्ता कायम हुने, माटो परीक्षणको उपादेयता र विषादीका प्रभावबारे किसानलाई जानकारी हुने, महामारीका विषयमा सम्बन्धित निकायसम्म समयमै सूचना पुग्ने, कृषिक्षेत्रमा भुइँतहका सम्भावना र समस्या पहिचान हुनेजस्ता कार्य प्रभावकारी ढंगले हुनेछन्।

कमला नदीको बाढीले धार परिवर्तन हुँदा जग्गा बगरमा परिणत भएको छ। नदीउकासका यस्ता जग्गाको कृषिलगायतका कार्यमा अधिकतम उपयोग गरी त्यसमा आश्रित किसानको जीवनस्तर उकास्ने उद्देश्यले एकीकृत कृषि विकास परियोजनाका लागि डिपिआर तयारी भइरहेको छ। यो परियोजनामा बहुउद्देश्यी कृषिकार्यसँग पर्यटनलाई जोडिनेछ।

पशुबिमा, निर्वाचन क्षेत्रलक्षित कृषि विद्युतीकरण कार्यक्रम, कृषि उत्कृष्टता केन्द्र, हरेक पालिका एक एग्रोभेट कार्यक्रम, प्रारम्भिक मल वितरण कार्यक्रम र मन्डीसँगै १६ ठाउँमा शीतभण्डार, भेटेनरी एम्बुलेन्स, भेटेनरी अस्पताल लगायतका महत्ततत्वपूर्ण योजना अघि बढाएर कृषिक्षेत्रलाई प्राथमिकतामा राखिएको छ।

वैदेशिक रोजगार अहिले नेपालको सामाजिक र आर्थिक संरचनाको एउटा महत्तवपूर्ण हिस्सा बनेको छ। रेमिट्यान्स राष्ट्रिय अर्थतन्त्रको आधार नै बनेको छ। र, अन्य प्रदेशको दाँजोमा श्रम अप्रवासनमा मधेश प्रदेशका बासिन्दाको सँख्या बढी छ। यस कुरालाई दृष्टिगत गरी हामीले मुख्यमन्त्री महिला स्वरोजगार कार्यक्रम, वैदेशिक रोजगारबाट फर्केका नागरिकलाई स्वरोजगार कार्यक्रम, स्टार्टअप अनुदान, लघुउद्यम प्रवर्द्धन कार्यक्रम, मधेश वैदेशिक रोजगारी उद्धार केन्द्र स्थापना, आप्रवासनसम्बन्धी डिजिटल प्रोफाइलिङ्ग, मुख्यमन्त्री रोजगार कार्यक्रम, तालिमसहितको स्वरोजगार कार्यक्रमका लागि अवधारणापत्र बनाई कार्यविधि तर्जुमा गरेका छौँ।

जनकपुरधाममा अत्यन्त चासो र महत्त्वका साथ प्रतीक्षा गरिएको अन्तर्राष्ट्रिय रामजानकी क्रिकेट रङ्गशालाका लागि अवधारणात्मक संरचना तयार भई डिपिआर तयार हुने क्रममा छ। यो रङ्गशाला निर्माण भएपछि खेलकुद क्षेत्रको विकास तथा विस्तारमा ठूलो योगदान पुगी ओलम्पिक खेल आयोजनाका लागि पूर्वाधार बन्नेछ। साथै यसबाट जनकपुरधामको पर्यटन क्षेत्र थप गतिशील भई प्रदेश अर्थतन्त्रले टेवासमेत पाउनेछ।

विकास साझेदारका कामलाई नीतिगत रूपमै दिशानिर्देश गर्न र सरकारका प्राथमिकताका आधारमा एकीकृत तथा समन्वयात्मक ढंगले काम अघि बढाउन सरकारले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूको विवरण संकलन गरिरहेको छ।

प्रदेश सरकारले ऐतिहासिक तथा धार्मिक महत्त्वको दुग्धमती नदीको प्राकृतिक बहाव क्षेत्र पहिचान गरी सीमा निर्धारण तथा उत्खनन् गर्ने कार्य अगाडि बढाएको छ। त्यसम्बन्धी कामका लागि प्रदेशको ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयले समन्वय गरिरहेको छ।

प्रदेशभरिका सक्रिय पत्रकारका लागि एक लाखको स्वास्थ्य बिमा र सात लाखको दुर्घटना बिमाको काम अघि बढाइएको छ। यसबाट मधेश प्रदेशका सबै पत्रकार बिमित हुनेछन्।

एसियाली विकास बैंकको ऋण सहायतामा सिँचाइ आधुनिकीकरण प्रवर्द्धन आयोजना (IMEP) अन्तर्गत विभिन्न उपआयोजनाहरूको बोलपत्र आह्वान भएको छ। दुई अर्ब १९ करोड रकमबराबरको यो कामबाट १५ वटा उपआयोजनाहरूमार्फत मधेश प्रदेशको पाँच हजार सात सय ९८ हेक्टर भूभागमा थप सिँचाइ हुनेछ। यसबाट सिँचाइ कार्यका लागि भूमिगत जलभण्डारमा पर्ने दबाबलाई न्यूनीकरण गर्नेछ।

मधेश प्रदेश सरकार गठन भएयता प्रदेशमा वनसम्बन्धी कसुरको अनुसन्धान, अभियोजन तथा फैसला प्रदेश सरकारसँग फौजदारी मुद्दा चलाउन कानुनी व्यवस्था नहुँदा र अनुसन्धान, अभियोजन तथा केही कसुरमा फैसला गर्ने अर्द्धन्यायिक अधिकारप्राप्त डिभिजनल वन अधिकृत संघको हुने संघीय वन ऐनको व्यवस्थाका कारण बाधित रहँदै आएको थियो। मुद्दा अनुसन्धान तहकिकात र दायर गर्ने व्यवस्था गर्न प्रदेश वन ऐन २०७७ मा संशोधन अत्यावश्यक छ। त्यसकारण यस ऐनको संशोधन मस्यौदा तयार भई अन्तिम चरणमा पुगेको छ। अब संशोधन हुने ऐनमा नेपालको संविधानको साझा सूचीमा रहेको फौजदारी अभियोग लगाउने अधिकार प्रदेश सरकारलाई प्राप्त हुनेछ॥

प्रदेशका विभिन्न ठाउँमा अतिक्रमित वनक्षेत्रको पहिचान गरी अतिक्रमणमुक्त बनाउने र त्यस ठाउँमा वृक्षरोपण गर्ने बृहत् कार्यको थालनी गरिएको छ।

चुरे, भावर तथा तराई क्षेत्रको पारिस्थितिकीय

बाँकी पृष्ठ ६ मा



मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंह

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

जलेश्वर नगरपालिका

महोत्तरी, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

बलान बिहुल गाउँपालिका

सप्तरी, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

देवानगन्ज गाउँपालिका

सप्तरी, मधेश प्रदेश

# प्रगतिशील संशोधनको पक्षमा जनमत पार्टी



ई.दीपक कुमार साह

'संविधान कार्यन्वयन: अपेक्षा र वास्तविकता' अन्तरक्रिया कार्यक्रमका अध्यक्ष प्रमुख अतिथि पूर्वप्रधानमन्त्री पुष्पकमल दहाल, विभिन्न पार्टीका वरिष्ठ नेतागण, विज्ञ एवं वुद्धिजीविहरु, उपस्थित सम्पूर्णमा जनमत पार्टीका राष्ट्रिय उपाध्यक्ष ई. दीपक कुमार साहको तर्फबाट र जनमत पार्टीको तर्फबाट सादर अभिवादन ।

बि. स. २०५६-२०६० ताका अमेरिकन नेपालमा काम गरेर अमेरिकामा राम्ररी सेटल भएको जानकारीकाम गराएको थियो। नेपालको नेचुरल रिसोर्स राम्ररी उपयोग गर्न सके नेपाल मै ठुलो अवसर छ तर अर्को तिर नेपाली अमेरिका जान पानामाको जंगलमा ज्यान गुमाउने गरेको छ, राजनैतिक दलले यस्को जिम्मा लिने कि नलिने।

अन्तरिम संविधान (२०६३) अहिलेको संविधानभन्दा सयौं गुणा प्रगतिशील थियो। जसलाई संविधानको स्वरूप दिन सकेनन्। कांग्रेस, एमाले, माओवादीलगायत खस आर्यले नेतृत्व गरेको मुख्य राजनीतिक दलका नेता प्रतिनिधिहरूकै मिलोमतोमा योजनाबद्ध तरिकाले अन्तरिम संविधानको खारेज गरी त्यो भन्दा प्रतिगामी संविधान निर्माण गरी लागू गरियो।

पहिलो संविधानसभा विघटन गर्दै गर्दा तत्कालीन प्रधानन्यायाधीश खिलराज रेग्मीलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को अध्यक्ष बनाएर षड्यन्त्रपूर्ण तरिकाले दोस्रो संविधानसभा निर्वाचनको घोषणा गरे। र, नेपालको इतिहासमा एकपटक फेरि राजनीतिक दलका नेताहरूले आफूले आफैंलाई अक्षमता सावित गरे।

बहिष्कृत र सिमान्तकृत समुदायको प्रतिनिधित्व सुनिश्चितताका लागि संवैधानिक रूपमै मिश्रित निर्वाचन प्रणाली अपनाएको छ। सोहीअनुरूप पहिलो संविधानसभा निर्वाचनमा प्रत्यक्ष प्रणालीबाट ४० प्रतिशत र समानुपातिक प्रणालीबाट ६० प्रतिशत व्स्था गरेको थियो। उनीहरू अहोरात्र जनताको घरदैलोमा पुगेर संविधानको मस्यौदामाथि सुझाव संकलन गरेका पनि थिए। यसमा राज्यको अर्बौं रकम खर्च भएको थियो। तर, ती सबै खर्च र मेहनत बालुवामा पानी खन्याएको झैं भयो।

२०७२ मा संविधान जारी हुँदा देशमा दुईवटा वातावरण थियो। आधा जनसंख्याले यसलाई स्वागत गरेका थिए भने आधा जनताले यसप्रति आक्रोश व्यक्त गरेका थिए। विरोध गरेका थिए र कालो दिवसको रुपमा पनि मनाएको अवस्था थियो। यति भन्दाभन्दै पनि यो संविधान अहिलेसम्मको प्रगतिशील संविधान हो।

हाम्रा अग्रज नेताहरूले भाषणमा संविधानमा कोमा, फुल स्टप पनि परिवर्तन हुदैन भन्ने गरेका थिए तर अहिलेको सत्ता गठबन्धन निर्माण हुँदा नेपाली काँग्रेस र नेकपा एमाले पार्टीबीच सात बुँदे सहमतिमा संविधान संसोधनबारे उल्लेख भएको कारण संविधानसँग सम्बन्धित अडकालवाजीले तिव्रता पाएको हो । सरकारले हालै ल्याएको न्युनतम साझा कार्यक्रममा पनि संविधान संसोधनबारे उल्लेख रहेकोले यसबारेको चर्चा चुलिएको अवस्था छ।

ड्ड भारतमा संविधान निर्माणको क्रममा डा. अम्बेडकरको टोली आयरल्याण्ड जाँदा त्यहाँका राष्ट्रपति डिभेलेराले बहुमतका आधारमा १० वर्षमा संशोधनको प्रावधान राख्नलाई दिएको सुझाव संवैधानिक क्षेत्रमा ऐतिहासिक लाइनको रूपमा रेकर्डेड छ । बनाएका संविधान फक्रिनका लागि, भएका कमी-कमजोरी सुधार्नका कम्तीमा १० वर्षसम्म लाग्न सक्छ।

यस्तो महत्वपूर्ण समयमा आयोजक संस्था Constitution Watch Group/ISSR हरुले Constitution ImplementationM Realities & Realizations विषयमा उच्चस्तरिय अन्तरक्रिया कार्यक्रम आयोजना गरेकोमा धन्यवाद् दिन चाहन्छु। यस कार्यक्रममा मलाई हाम्रो पार्टीको तर्फबाट धारणा राख्ने अवसर दिनुभएकोमा पनि फेरी पनि धन्यवाद दिन चाहन्छु।

**संविधानका वास्तविकताहरू**

प्रस्तावनामा नै समाजवाद प्रति प्रतिबद्ध समृद्ध राष्ट्र निर्माण गर्ने रहेको छ।

संविधानको धारा १० मा कुनै पनि नेपाली नागरिकलाइ नागरिकता प्राप्त गर्ने हकबाट बञ्चित गरिने छैन

संविधानमा रहेका संघियता र समानुपातिक समावेशीका व्यवस्था, दलित र महिलाको हक, समानता र सामाजिक न्यायको हक जस्ता प्राबधानहरुले यस संविधानलाई निकै प्रगतिशील बनाएको छ ।

नेपालमा समानुपातिक निर्वाचन प्रणालीकै कारण राजनीतिमा महिला, दलित समुदायको प्रतिनीधित्व हुन संभव भएको हो । समानुपातिक निर्वाचन प्रणाली रहेकै कारण आदिवासी जनजाती र मधेसी समुदायको सम्मानजनक प्रतिनीधित्व हुनसकेको हो ।

**जनताले गरेका अनुभूतिहरू**

औधोगिक क्रान्ति र आर्थिक क्रान्ति नहुन्जेल समाजवाद उन्मुख हुन नसक्ने भएको अनुभूति हुने गरेको छ।

लाखो मधेशी युवा हरु नागरिकता पाउन सकेको छैन, केहि ले त आत्महत्या सम्म गरेको दुखद घटना घटेको छ।

अर्को तिर प्रदेशको स्थानिय आवश्यकता अनुसार बजेट बनाउन पाएको छ, काम गराउन सकेको छ।

संविधान बनेको ९ बर्ष भयो । दुई पटक निर्वाचन सम्पन्न भइसकेको छ । तर, प्रदेशलाई दिइने अधिकारहरुबारे संघिय सरकार लगातार कन्जुस्याई गर्दैआएको छ ।

प्रदेशको रचना भयो । निर्वाचीत प्रतिनीधिहरु सम्मिलित सरकार पनि गठन भइराखेकै छन् तर प्रदेश सरकारले आफ्नो प्रहरी भर्ना गर्न सकेको छैन् । प्रदेश सरकारले कर्मचारी भर्नामा अनेकौं अबरोधको खेपिराखेका छन् । संघिय सरकारले पारित गर्नुपर्ने नीजामति सेवा ऐन र प्रहरी समायोजन ऐन पारित गरेको छैन् ।

प्रदेशमा सचिवको नियुक्ती संघिय सरकारले आफु खुशी गरिरहेको छ । प्रदेशको कुनै कुनै मन्त्रालयमा एकबर्ष भित्र आठआठजना पटक सचिवको सरुवा भएको छ । प्रदेशको संरचनाहरुले राम्रोसँग काम गर्न सकेको छैन् । यसलाई एक ठूलो समस्यकोरुपमा हामीले बुझेका छौं र यस समस्याको जड संघिय सरकार रहेको हाम्रो बुझाई रहेको छ । संघियताको कार्यान्वयनमा संघिय सरकार उदासिन मात्र होइन प्रमुख अबरोध रहेको छ ।

संविधानमा समानताको हक र समाजिक न्यायको हक लगायतका धाराहरुले स्पष्टरुपमा राज्यको हरेक अगंमा समानुपातिक प्रतिनीधित्वको व्यवस्था गरेको छ तर हालै नियुक्त भएको न्याधिशहरू, राजदुतहरुको सुची र अहिलेको मन्त्रीमण्डल कतिको समावेशी रहेको छ ? हामी आफैं विचार गरौं र संविधानको कार्यान्वयनमा को कति इमान्दार छन, त्यसको पनि लेखाजोखा गरौं ।

प्रहरी र सेनामा उच्च तहमा निवेन दिने मधेशी, दलितहरू कुनै न कुनै बहानामा छाँटिने गरेको गुनासो आउने गरेको छ।

नेपालमा समानुपातिक निर्वाचन प्रणालीकै कारण राजनीतिमा महिला, दलित समुदायको प्रतिनीधित्व हुन संभव भएपनि दुरउपयोग भएर पार्टीका अध्यक्ष मार्फत घरवाली, साली र बाहरवालीको प्रतिनीधित्व हुने गरेको अनुभुति जनताले गरेकोछ।

**वर्तमान अवस्था**

अहिले आएर राजनैतिक स्थीरताकोलागी संविधान संसोधन गरिनुपर्ने सत्ताधारी गठबन्धनको भनाईहरु सार्वजानिक भइरहेका छन् । खासगरी समानुपातिक निर्वाचन प्रणालीलाई राजनैतिक अस्थीरतको प्रमुख कारणको रुपमा व्याख्या विश्लेषण हुने गरेको छ । समानुपातिक निर्वाचन प्रणाली रहेकै कारण कुनै पनि दलको बहुमत आउन नसकिरहेको र भविष्यमा पनि आउन नसक्ने सत्ताधारी दलहरुको भनाई सार्वजनिक हुने गरेको छ ।

त्यसैले जब संविधानमा निर्वाचन प्रणाली संसोधनको प्रसँग उठछ, हाम्रो पार्टी प्रगतिशील संसोधनको पक्षमा हमेशा रहने कुरा यहाँ पुन: दोह्याउन चाहन्छु तर स्थीरताको नाममा समानुपातिक निर्वाचन प्रणालीलाई समाप्त गर्ने षडयन्त्र भयो भने हाम्रो पार्टी त्यसको कडा प्रतिकार गर्ने कुरा पनि म यहाँ राख्न चाहन्छु । राजनीतिक स्थीरतको नाममा साना दलहरुलाई निषेध गर्ने मनसायकासाथ थ्रेसहोल्ड बढाउने कुरा गरिराखिएको छ । यसको हामी विरोध गर्छौं ।

त्यसैले जब संविधानमा निर्वाचन प्रणाली संसोधनको प्रसँग उठछ, हाम्रो पार्टी प्रगतिशील संसोधनको पक्षमा हमेशा रहने कुरा यहाँ पुन: दोह्याउन चाहन्छु तर स्थीरताको नाममा समानुपातिक निर्वाचन प्रणालीलाई समाप्त गर्ने षडयन्त्र भयो भने हाम्रो पार्टी त्यसको कडा प्रतिकार गर्ने कुरा पनि म यहाँ राख्न चाहन्छु । राजनीतिक स्थीरतको नाममा साना दलहरुलाई निषेध गर्ने मनसायकासाथ थ्रेसहोल्ड बढाउने कुरा गरिराखिएको छ । यसको हामी विरोध गर्छौं ।

संविधान जारी हुँदाका समयभन्दा आज मधेसको जनसँख्या बढेको सरकारी तथ्याँकले नै देखाउँछ तर निर्वाचन क्षेत्र पुनर्निधारणकालागी २५ बर्षे अबधी राखेको छ । संविधान संसोधन गरेर तत्काल मधेशमा निर्वाचन क्षेत्र बृद्धि गर्नुपर्ने हाम्रो पार्टीका माँग रहेको छ ।

**संविधान संसोधन गर्दा थप के गर्ने त ?**

प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री, उपप्रधानमन्त्री, निर्वाचन अधिकृत, महालेखा परीक्षक, न्यायाधिवक्ता र अख्तियार दुरूपयोग अनुसन्धान अयोगका प्रमुखको व्यवस्था गर्नु पर्ने।

सर्वोच्च अदालतको प्रधानन्यायाधीश सहित ७ सदस्ययीय न्यायाधीश, तोकेका व्यवसायिक योग्यता पुगेका उम्मेदबारहरू मध्ये, जनताद्वारा प्रत्यक्ष निर्वाचित हुने। न्यायालयका न्यायाधीशहरू कुनै पनि समुह वा पार्टीसँग अबद्ध भएको पाइएमा अयोग्य हुने ।

कर्मचारीतन्त्रमा कुनै पनि दलीयकरण र सामुहिक सोदावाजी निषेध गरिने, निजी क्षेत्रको जस्तै हायर एण्ड फायर अपनाउनु पर्ने।

देशमा मिश्रित अर्थप्रणाली पूर्णत: असफल भइराखेको र राज्यको हातमा भएका सरकारी विधालय, अस्पताल, उधोग, निगम तथा संस्थानहरू सबै पुर्णत: असफल, गुणस्तरहीन र घाटामा रहेको हुँदा देशको अर्थीक प्रणालीलाइ सामाजिक लोकतन्त्र व्यवस्था निकट रही उत्पादन प्रणाली निजी क्षेत्रको हातमा दिने तर राज्यले नियमन गर्ने, र अधारभूत अधिकारहरूबाट कोही बञ्चित नहोस् भनेर राज्यले सुनिश्चत गर्ने।

अन्तमा संविधान संसोधन हुँदा प्रगतिशिल होस्।

*(जनमत पार्टीका राष्ट्रिय उपाध्यक्ष एवं अनुशासन विभाग प्रमुख ई. दीपक साहले एक अन्तरक्रिया कार्यक्रममा राखेको वक्तव्यको सम्पादित अंश)*

## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो। 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं।
- साबुन पानीले हात धुनले बानी बसालौं। अरूलाई पनि सिकाऔं।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं।
- उपभोक्ता आचारसंहिता पालना गरौं।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं। अधिकारको पूर्ण उपभोग गरौं।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं।

**मुखियापट्टि मुसहरनिया गाउँपालिका**

धनुषा, मधेश प्रदेश

## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**पिपरा गाउँपालिका**

महोत्तरी, मधेश प्रदेश

## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**चन्द्रनगर गाउँपालिका**

सर्लाही, मधेश प्रदेश

## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**महोत्तरी गाउँपालिका**

महोत्तरी, मधेश प्रदेश



# दलितहरूलाई सिप विकास तालिम र रोजगारको व्यवस्था सुनिश्चितता गर्नुपर्ने माग




रौतहट । आम जनता पार्टी (आजपा) निकटको आम दलित मोर्चाले दलित समुदायको आवास निर्माणको भईरहेको ढिलासुस्ती एवं मनोमानीका बिरुद्धमा आन्दोलन गर्ने चेतावनी दिएको छ ।
रौतहटको चन्द्रपुरमा बसेको आम दलित मोर्चाको केन्द्रीय कमिटीको बैठकले बिभिन्न माग गर्दै संघर्षमा उत्रिने चेतावनी दिएको हो । दलित मोर्चाले बिभिन्न माग गर्दै सरकारको पटक पटक ध्यानाकर्षण गराउदा समेत कुनै सुनुवाई नगरिएपछि संघर्षमा उत्रिन बाध्य भएको जनाएको छ ।
गरिब दलित समुदायको आवास निर्माण नगरिएको, निर्माण सुरु भएको घर अधुरो नै छोडिएको, निर्माण भएका केही घरको भुक्तानी नगरिएको, सरकारी निकायबाटै ढिलासुस्ती एवं मनोमानीका साथै अनियमितता भएको मोर्चाको निष्कर्ष रहेको छ । यस बारेमा दलित मोर्चाले प्रधानमन्त्री केपी शर्मा ओली, मधेस प्रदेशका मुख्यमन्त्री सतीस सिंह लगायतकाको ध्यानाकर्षण गराएको तर कुनै सुनुवाई नभएको दलित मोर्चाका केन्द्रीय अध्यक्ष ठागा दासले जनाएका छन् ।
'मधेस सरकारले जनता आवास कार्यक्रम, सुरक्षित आवास निर्माण कार्यक्रम, महेन्द्रनारायण निधि आवास निर्माण कार्यक्रम ल्यायो तर पनि हामी दलित समुदायको घर निर्माण हुन सकेन् । अहिले फेरी मधेस सरकारले मदन भण्डारी आवास निर्माण कार्यक्रम ल्याएको छ । आयोजनाको नाम परिवर्तन हुन्छ तर हाम्रो घर निर्माण हुदैछ । हाम्रो नाममा लुटने काम सरकारले गरिरहेको छ' मोर्चाका अध्यक्ष दासले भने ।
गरिब दलित परिवारको सरकारले पटक पटक गरी बिभिन्न नामको आयोजना ल्याए पनि गरिब दलितहरुको घर निर्माण नभएकोमा उनले आक्रोश व्यक्त गरे । मधेस प्रदेशमा हजारौं दलित परिवार घरबार बिहिन छन् । उनीहरुको जिवन कष्टकर रहेको छ । चर्को गर्मी होस्, चिसो तथा बरसातको समयमा उनीहरु कष्टकर जिवन बाच्नुपर्ने अवस्था रहेको उनले बताए ।
'भ्रष्टाचारीलाई कारवाही गर्नुपर्ने र हाम्रो घर निर्माण हुनुपर्ने हाम्रो माग हो । नाम जे राखे पनि हाम्रो घर निर्माण हुनुपर्ने हाम्रो माग हो । हाम्रो घर पनि निर्माण नहुने र हाम्रै नाममा लुटने काम भईरहेकाले सरकारले हाम्रो माग सम्बोधन नगरेपछि बाध्य भएर हामी आन्दोलनमा उत्रिनुपरेको छ' मोर्चाका अध्यक्ष दासले भने ।
दलित मोर्चाका अनुसार सम्पूर्ण गरिब दलितलाई आवासको व्यवस्था गर्नुपर्ने, आवास निर्माणको रकम फ्रिज गराउनेलाई करवाही गर्नुपर्ने, दलितहरुलाई सिप विकास तालिम र रोजगारको व्यास्था सुनिश्चितता गर्नुपर्ने, जातीय छुवाछुत र विभेद गर्नेहरुलाई दण्डित गर्नुपर्ने, निर्माणाधिन घर निर्माणको कार्य छिटो पुरा गर्नुपर्ने, कमिशनको लागि भुक्तानी रोक्नेलाई कारवाही गर्नुपर्ने, आवास निर्माणमा भैरहेको अनियमिता एवं भष्टचारको छानबिन गर्नुपर्ने, आवास निर्माणको खर्च पारदर्शी एवं सार्वाजनिक गर्नुपर्ने लगायतका माग मोर्चाले गरेको छ ।
'संविधानमै मौलिक हकको रुपमा सुनिश्चित आवासको हकमा राज्यले विनियोजन गरेको अरबौं रकम जनता आवास र सुरक्षित आवास निर्माण कार्यलाई मुख्यत: प्रदेश सरकार सहितको सरोकारवाला निकायले प्रभावकारी रूपमा अगाडी बढाउनुकोसट्टा यसमा चरम दुरुपयोग एवं भ्रस्टाचार गरीरहेको छ' अध्यक्ष दासले भने, 'आम दलित जनसमुदायको हकअधिकारका लागी यस्ता भ्रष्टाचारीलाई कारवाही गर्नुपर्छ । हामीले प्रदेश सरकार र केन्द्रीय सरकार दुवैलाई अनुरोध गरेका छौं । दलित गरिब परिवारको आवास निर्माणमा भएको भ्रष्टाचारको छानबिन गरी दोषीलाई यथासिघ्र कारावही गर्नुपर्छ ।'
दलित गरिब परिवारका व्यक्तिको घर निर्माण, त्यसको भुक्तानी तथा घर निर्माणलाई पूर्णता दिनुपर्ने माग गर्दै आजपा अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहले संसददेखी सडकसम्म आवाज उठाउँदै आएका छन् । साथै उनले दलित आवास आयोजना निर्माणमा भईरहेको भ्रष्टाचारको छानबिन गरी दोषीलाई कारवाही गर्नुपर्ने माग समेत गर्दै आएका छन् ।
आम दलित मोर्चाका केन्द्रीय अध्यक्ष ठागा दासको अध्यक्षतामा बसेको बैठकमा आजपाका वरिष्ठ उपाध्यक्ष उपेन्द्र साह, महासचिव त्रिभुवन साह, उपमहासचिव सियाराम कुशवाहा, मधेश अध्यक्ष उमेश कुशवाहा लगायतका नेताहरुको विशेष सहभागिता रहेको आजपा केन्द्रीय सदस्य एवं मधेस प्रदेशका प्रवक्ता हेमप्रसाद साहले जनाएका छन् ।

## उपत्यका कमिटी अध्यक्षमा ममता



काठमाडौं । चर्चित (भाइरल) भोजपुरी कलाकार समेत रहेकी ममता साह (कनक) महिला मोर्चा काठमाडौं उपत्यका कमिटीको अध्यक्षमा सर्वसम्मत चयन भएकी छन् ।
९१ सदस्यीय सो कमिटी सर्वसम्मत चयन गरिएको आजपा नेतृ एवं महिला मोर्चाका इन्चार्ज देवी पण्डित र मोर्चाकी अध्यक्ष कुमारी बबिताले जारी गरेको संयुक्त विज्ञप्तीमा उल्लेख गरिएको छ ।
महिला मोर्चा काठमाडौं उपत्यकाको इन्चार्जमा देवकुमार साह, अध्यक्षमा ममता साह (कनक), उपाध्यक्षद्धयमा उषा शर्मा र शारदा कुमारी साह, सचिवमा गंगा ढुंगाना, सहसचिवत्रयमा रेखा साह, इन्दु देवी चौधरी, सुन्दरिया देवी साह र कोषाध्यक्षमा पुजा यादव रहेका छन् ।
यसैगरी सदस्यहरुमा शर्मिला लिम्बु, रन्जु कार्की, कमला बर्देवा, कविता तामाङ, कमला विसी, संगिता साह, भावना साह, प्रभा साह, खुशी साह, विभा साह, माया श्रेष्ठ, निर्मला श्रेष्ठ, मनु श्रेष्ठ, मधु विसी, राधा खडका, अंकित गोतामी, रिता कार्की, रोजिना लामा, दिपा राई, किरण साह, सुनिता साह, सोनिशा साह, सुमित्रा कुमारी, मन्जु देवी, अमरखी देवी यादव, सुभिता देवी, रामकुमारी देवी, पवन देवी, बबिता देवी साह, आशा श्रेष्ठ शर्मिला धिमाल, लिला उराउ, माया बल तामाङ सुमिता घिसिङ रहेका छन् ।
यस्तै सदस्यहरुमा रेखा धिमाल, मधुमाया मगर, दिल्लु मगर, अर्चना ठाकुर, शिला साह, रुबिना यादव, सरु चौधरी, कल्पना श्रेष्ठ, प्रमिला साह, निकिता महर्जन, मिना कार्की, सुषमा लामा, विमला तामाङ, सलोनी कुमारी साह, अम्बिका बिक, सबिना बठे कोठी, अंगिरा देवी झा, रिंकु साह, सुधाकुमारी मल्ल, शकुन्तला जयसवाल, काला निधि तिवारी, शिवानी थापा, सुर्वि रानी, अनिशा लामा, सुहाना खड्का, अनिता श्रेष्ठ लगायतका रहेका छन् ।

## आनन्द शर्मा राष्ट्रिय मुक्ति क्रान्तिमा प्रवेश



काठमाडौं । राष्ट्रिय प्रजातन्त्र पार्टीका पूर्वसहमहामन्त्री आनन्द शर्माले राजेन्द्र महतो नेतृत्वको राष्ट्रिय मुक्ति क्रान्ति नेपालमा प्रवेश गरेका छन् । बिहीबार शंखमुलस्थित राष्ट्रिय मुक्ति क्रान्ति नेपालको केन्द्रीय कार्यालयमा पुगि शर्माले पार्टी प्रवेश गरेका हुन् । वीरगंज निवासी शर्मालाई राष्ट्रिय मुक्ति क्रान्तिका संयोजक राजेन्द्र महतोले खादा, माला तथा टिका लगाइ पार्टी प्रवेश गराएका छन् । पार्टी प्रवेश गर्दै शर्माले आफ्नो पूर्वपार्टी राप्रपाले बाटो बिराएको र अब मुलुकको निकास राष्ट्रिय मुक्ति क्रान्तिबाट मात्र सम्भव देखेकोले आफूले पार्टी प्रवेश गरेको बताए । मुलुकको नेतृत्व आफूहरुले गर्नुपर्ने बेला आएको बताउँदै शर्माले अब राजेन्द्र महतोको नेतृत्वमा एकबद्ध भएर आफ्नो मुद्दा लिएर जनताको बीचमा जाने बताए ।

## जनमत नेतृत्वको...

प्रणाली र जैविक विविधता संरक्षणलगायतका कार्यलाई थप व्यवस्थित एवम् प्रभावकारी बनाउन प्रदेशका थप दुई ठाउँहरू भू तथा जलाधार कार्यालय स्थापना गरिएको छ ।
प्रदेश रजिष्ट्रार कार्यालयको स्थापना भएको छ । यसबाट प्रदेशमा हस्तान्तरण भएर आएका करिब आठ सय सहकारीहरूको परिचालन, अनुगमन र नियमन हुने भएको छ ।
स्थानीय तहबाट मधेश प्रदेश सरकार मातहत हस्तान्तरण भई आएका चारवटा अस्पतालहरू सर्लाहीको धनकौल, पर्साको पोखरिया, सप्तरीको भारदह, धनुषाको डुमरिया अहिले सञ्चालन हुने अन्तिम तयारीमा रहेको छ ।
विभिन्न स्वास्थ्य संस्थामा पठाउन चार सयभन्दा वढी दरवन्दी सिर्जना गरिएको छ । साथै स्वास्थ्य संस्थाका लागि थप विषयगत दरबन्दी सिर्जना तथा स्रोत सुनिश्चितताको कार्य अगाडि बढाइएको छ ।
प्रादेशिक स्वास्थ्य नीति निर्माण तथा प्रादेशिक आपूर्ति शृंखला निर्देशिका तयार गर्ने कार्य अन्तिम चरणमा छ ।
स्वास्थ्य क्षेत्रमा सामाजिक सुरक्षाको आयामहरू बढाउन कार्यविधि, निर्देशिका र मापदण्डहरू तयार गर्ने काम अघि बढाइएको छ ।
प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी विधेयक, २०८० लाई प्रदेशसभामा पठाउने तयारी गरिएको छ । यसले व्यापार व्यवसाय व्यवस्थापन र नियमन गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्नेछ । साथै प्रदेशस्तरीय बजार अनुगमन निर्देशिको काम तीव्र रूपले अगाडि बढाइएको छ । यसबाट स्वच्छ र प्रतिस्पर्धात्मक बजार कायम गरी उपभोक्ताको हित संरक्षणका कार्य अघि बढ्नेछ । यस्ता नीतिगत तथा कानुनी व्यवस्था कार्यान्वयन भएपछि प्रदेश सरकारको राजस्वमा पनि वृद्धि हुनेछ ।
लागुऔषध दुर्व्यसनमुक्त समाजका लागि प्रदेश सरकार प्रतिबद्ध छ । यसका लागि बहुआयामिक तथा बहुक्षेत्रीय प्रयासहरू भएका छन् । लागुऔषध दुर्व्यसनमुक्त युवा अभियान कार्यक्रमका लागि अवधारणापत्र तयार भई कार्यविधि तर्जुमा भइरहेको छ । साथै सुधार केन्द्र निर्माण प्रारम्भ गरिएको छ । यसबीचमा महोत्तरीको गौशालामा सुधार केन्द्र बनाइएको छ ।
आवश्यक साधनस्रोत उपलब्ध गराई प्रदेशका सुरक्षासम्बद्ध निकायहरूलाई सबलीकरण गरिँदैछ । सशर्त अनुदान वितरणलाई प्रभावकारी, पारदर्शी र न्यायमूलक बनाउन व्यवस्था गरेका छौं । प्रत्येक महानगरपालिकालाई रु १ करोड ७५ लाख, प्रत्येक उपमहानगरपालिकालाई रु १ करोड २५ लाख, प्रत्येक नगरपालिकालाई रु ९५ लाख र प्रत्येक गाउँपालिकालाई रु ८० लाखका दरले सशर्त अनुदान समयमै प्रदान गरिनेछ ।
प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रमअन्तर्गत विश्व बैंकको सहयोगमा धनुषाको हँसपुर नगरपालिका र महोत्तरीको सोनमा गाउँपालिकालाई पक्की सडक सञ्जालसँग जोड्न २५ किलोमिटर प्रादेशिक कालोपत्रे सडकका लागि बोलपत्र आह्वान भएको छ ।
प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रमअन्तर्गत विश्व बैंकको सहयोगमा धनुषाको हँसपुर नगरपालिका र महोत्तरीको सोनमा गाउँपालिकालाई पक्की सडक सञ्जालसँग जोड्न २५ किलोमिटर प्रादेशिक कालोपत्रे सडकका लागि बोलपत्र आह्वान भएको छ ।
शिक्षा नीति तथा नमुना विद्यालय विकास तथा सञ्चालन निर्देशिकाको काम अन्तिम चरणमा पुगेको छ ।
आदरणीय मित्रहरू,
यसबीचमा हामीले प्राय: विषयगत क्षेत्रमा नयाँ काम गर्न र अधुरा कामलाई पूर्णता दिन सबै पक्ष र सरोकारवालासँग गहन छलफल गरी निष्कर्षमा पुगिरहेका छौँ । अधिकारक्षेत्र नपर्ने वा साधनस्रोतको अभाव भनेर जनताका कुनै पनि समस्यालाई टार्ने काम गरेका छैनौं । प्रदेश सरकारकै अग्रसरतामा हुनुपर्ने भनी औंल्याइएका वा समयसँगै हामीले सम्पादन गर्न अग्रसरता लिनुपर्ने कामका लागि हरेक किसिमका जिम्मेवारी निर्वाह गर्न संरचनात्मक र प्रक्रियात्मक काम तीव्र बनाइएको छ ।
संविधानद्वारा सुनिश्चित संघीय लोकतान्त्रिक व्यवस्था, समानुपातिक समावेशी पद्धतिजस्ता जस्ता अपरिहार्य तथा दीर्घकालीक महत्त्वका राजनीतिक उपलब्धिलाई संस्थागत बनाउन हरेक तहमा जनहितकारी शासकीय अभ्यास हुनुपर्छ भन्ने कुराको बोध हामीलाई छ । स्वशासन, स्वायत्तता र सार्थक संघवादमा आधारित अधिकारसम्पन्न प्रदेश सरकारको स्थितिसम्म पुग्नुछ । त्यसैले हामी भोलिको काम आज र आजको काम अहिले भन्ने शैलीमा अघि बढिरहेका छौं । यो शैलीप्रति सामूहिक रूपमै अपनत्वबोध र आत्मसातीकरणको आवश्यकता छ । मलाई विश्वास छ, हामी सबै हाम्रा ऊर्जा, संकल्प र कार्यनिष्ठाबाट प्रदेश निर्माणमा जुट्नेछौं ।
थप केही कुराहरू यसैसाथ संलग्न विभिन्न मन्त्रालयअन्तर्गतका कामकाजमा राखिएको छ ।

सतिशकुमार सिँह
मुख्यमन्त्री
मधेश प्रदेश सरकार

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

वीरगन्ज महानगरपालिका
पर्सा, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

मटिहानी नगरपालिका
महोत्तरी, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

बसबरीया गाउँपालिका
सर्लाही, मधेश प्रदेश

विश्व परिवेश

# सफलताको मूल रहस्य हाम्रो सामूहिक शक्तिमा छ, युद्धभूमिमा होइन : प्रधानमन्त्री मोदी



प्रधानमन्त्री नरेन्द्र मोदीले "मानवताको सफलता हाम्रो सामूहिक शक्ति मा निर्भर छ, युद्धमा होइन" भनेर औंल्याउँदै, विश्व शान्ति र विकासका लागि वैश्विक संस्थाहरूमा सुधार आवश्यक रहेको बताएका छन्। उनले सोमबार (सेप्टेम्बर २३, २०२४) न्यूयोर्कमा संयुक्त राष्ट्रसंघको 'भविष्यको शिखर सम्मेलन'मा सम्बोधन गर्दै मानव कल्याण, खाद्य र स्वास्थ्य सुरक्षा जस्ता मुद्दाहरूमा मानव-केंद्रित दृष्टिकोणको आवश्यकता भएको बताए।
"मानवताको सफलता हाम्रो सामूहिक शक्ति मा निर्भर छ, युद्धमा होइन। र विश्व शान्ति र विकासका लागि, वैश्विक संस्थाहरूमा सुधार अनिवार्य छ। सुधार नै सान्दर्भिकताको कुञ्जी हो!" प्रधानमन्त्री मोदीले आफ्नो सम्बोधनमा भने। उनले नयाँ दिल्ली शिखर सम्मेलनमा जी २० को स्थायी सदस्यता अफ्रीकी सङ्घलाई दिनु महत्त्वपूर्ण कदम भएको उल्लेख गरे।
प्रधानमन्त्रीले साइबर, समुद्री, र अन्तरिक्षलाई नयाँ संघर्षका क्षेत्रको रूपमा देखाउँदै भने, "आतंकवाद भनेको विश्व शान्ति र सुरक्षा को लागि एक गम्भीर खतरा हो, तर साइबर, समुद्री र अन्तरिक्ष जस्ता क्षेत्र नयाँ संघर्षका थलो बनेका छन्।" उनले थपे, "यी सबै मुद्दाहरूमा, म जोड दिन चाहन्छु, वैश्विक क्रियाकलापले वैश्विक आकांक्षासँग मेल खानी पर्छ!"
"भविष्यको शिखर सम्मेलन"को थिम "एक राम्रो भविष्यको लागि बहुपरकारका समाधान" रहेको थियो, जसले विभिन्न विश्व नेता हरूलाई एक सँगै ल्यायो, जसले एक सँगैको भविष्यको मार्गको विकास गर्न चाहन्थे।
प्रधानमन्त्री मोदीले विश्वका सबैभन्दा ठूलो लोकतन्त्रको रूपमा भारतको विशेष स्थानलाई जोड दिंदै, मानव कल्याण, खाद्य र स्वास्थ्य सुरक्षा सुनिश्चित गर्नका लागि भारतको दृष्टिकोणको बारेमा स्पष्टता दिएका थिए। उनले भने, "हामीले भारतमा २५० मिलियन मानिसलाई गरिबीबाट उठाएर देखाएका छौं कि दिगो विकास सफल हुन सक्छ। र हामी हाम्रो यो सफलता अनुभवलाई सम्पूर्ण ग्लोबल साउथसँग बाँड्न तयार छौं।"
प्रधानमन्त्री मोदीले प्रौद्योगिकीको जिम्मेवारीपूर्वक प्रयोगको सुनिश्चित गर्नका लागि सन्तुलित नियमावलीको आवश्यकता भएको बताए र डिजिटल पूर्वाधारलाई प्रगतिको पुलको रूपमा परिभाषित गरे।
"विश्व कल्याणका लागि, भारतले आफ्नो डिजिटल सार्वजनिक पूर्वाधारलाई सम्पूर्ण संसारसँग बाँड्न तयार छ," उनले भने।
प्रधानमन्त्री मोदीको दृष्टिकोणको मार्गदर्शक सिद्धान्त "एक पृथ्वी, एक परिवार, एक भविष्य" उनका सम्बोधनमा व्यापक रूपमा प्रतिध्वनित भएको थियो। उनले भारतका पहलकदमीहरू जस्तै "एक पृथ्वी, एक स्वास्थ्य" र "एक सूर्य, एक विश्व, एक ग्रिड" लाई विश्वव्यापी स्वास्थ्य सहयोग र विश्व ऊर्जा स्थिरताको लागि लक्षित गरेका छन्।
'भविष्यको शिखर सम्मेलन'ले "भविष्यको लागि एक संधि" नामक ऐतिहासिक परिणामको दस्तावेजलाई अपनाएको छ, जसले सबैभन्दा थिच्दै वैश्विक चुनौतीहरूको सामना गर्नको लागि आधारभूत काम गर्यो। यस दस्तावेजले विश्वलाई सुरक्षित र समानताको ओर उन्मुख गर्नका लागि दिशानिर्देश दिन्छ।
प्रधानमन्त्री मोदीको सम्बोधनले विश्व सहयोग, दिगोपन, र वैश्विक शासनमा सुधारको तात्कालिक आवश्यकताको लागि सशक्त आह्वान गरेको छ। आजको गरिबी र असमानता जस्ता चुनौतीहरू र साइबरस्पेस र जलवायु परिवर्तनका उदीयमान जोखिमहरूको सामना गर्दा, मोदीको मानव-केंद्रित, दिगो, र समावेशी भविष्यको दृष्टिकोणले शिखर सम्मेलनको थिमसँग गहिरो सन्देश पुर्यायो।

*-इण्डिया न्यूज नेटवर्क*




जिल्ला समाचार

## शुद्धोधनको बजेट ५३ करोड ८६ लाख ८५ हजार

कपिलवस्तु । शुद्धोधन गाउँपालिकाले चालु आर्थिक वर्ष २०८१/०८२ का लागि ५३ करोड ८६ लाख ८५ हजार २ सय ९० रुपैयाँ प्रस्तुत गरिएको छ । लबनी स्वास्थ्य चौकी हलमा नवौं गाउँ सभामा गाउँपालिका उपप्रमुख होम प्रसाद  चौधरी कुर्मीले सो बजेट पेश गरेका हुन् । बजेट सर्वसम्मत पास भएको छ । बजेट आर्थिक बर्ष २०८०/०८१ भन्दा ३ करोड कम आएको छ । स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार असार १० भित्र ल्याउनु पर्ने नीति तथा कार्यक्रम र बजेट गाउ पालिकाले भने ३ महिना ढिलो गरी ल्याएको हो । आर्थिक बिकास तर्फ ५ करोड ४० लाख १० हजार, सामाजिक विकास तर्फ २६ करोड ४१ लाख ३७ हजार, पुर्वाधार विकास तर्फ १० करोड ३१ लाख ९५ हजार २९०, सुशासन तथा अन्तर सम्बन्धित तर्फ १ करोड ४७ लाख ८७ हजार, कार्यालय संचालन तथा प्रशासनिक खर्च तर्फ १० करोड २५ लाख ५६ हजार बिनियोजित गरिएको छ । संघीय, प्रदेशबाट आउने अनुदानमा कमी भएका कारण चालु आर्थिक बर्ष ३ करोड बजेट कम आएको हो । गाउँपालिका प्रमुख कमलेश शरण चौधरीले नीति र कार्यक्रम प्रस्तुत गर्दै उप प्रमुख ६ वटा बडालाई सम्मान जनक रुपम बजेट बिनियोजन गरेको बताए । गाउँपालिका प्रमुख, उप प्रमुख र वडागतरुपमा समेत बजेट  छुट्टाइएको छ । चालु आर्थिक बर्षका लागि आन्तरिक श्रोत तर्फ भने ३ करोड ७२ लाख ७६ हजार  उठने अनुमान गरिएको छ । बजेले शिक्षा, कृषि तथा पशु पालनलाई उच्च प्राथमिकतामा राखेको कृषिलाई ब्यवसायिककरण गर्ने तर्फ उन्मुख हुने प्रमुख चौधरीले बताए । सामाजिक सुरक्षा र तथा सामाजिक संरक्षण, पुर्वाधार निर्माण तर्फ बिशेष जोड दिइएको छ । सिचाई, सडक मर्मतमा बजेट खर्च गर्ने कार्यक्रम छ । बिपद र प्राकृति प्रकोपबाट हुन सक्ने धन जनको क्षति रोक्न र राहत दिनका लागि समेत बजेटमा रकम छुट्टाइएको छ । कोभिड १९ ले गर्दा मुलुक मै आर्थिक मन्दी चलेका अवस्थामा काम गर्न चुनौती रहेको भन्दै गाउपालिकालाई संबृद्ध बनाउन सहमति सहकार्य, एकता र सामुहिक प्रतिबद्धता सहीत अघि बढने योजना रहेको प्रमुख प्रशाकीय अधिकृत धनिश्वर पौडेलले बताए । सभा प्रमुख चौधरीको अध्यक्षता, प्रमुख प्रशासकीय अधिकृत पौडेलको आतिथ्यता र ईश्वरी प्रसाद न्यौपानेको संचालनमा भएको हो । गत आर्थिक बर्ष २०८०/८१ मा शुद्धोदन गाउपालिकामा ८२ दशमलव १९ प्रतिशत बजेट खर्च भएको छ ।

## पोखरामा भ्रष्टाचारविरुद्ध विरोध प्रदर्शन

पोखरा । पोखरामा भ्रष्टाचारविरुद्धको विरोध प्रदर्शन भएको छ । राष्ट्रिय एकता अभियान, पोखराको आयोजनामा जिल्ला प्रशासन कार्यालय कास्कीको अगाडि (सहिद चोक) मा आयोजित धर्नामा १५० भन्दा बढी सहभागीले विमानस्थल निर्माणमा भएको भ्रष्टाचार र नागरिक उड्डयन प्राधिकरणका भ्रष्ट्र महानिर्देशकलाई बर्खास्त गर्न माग गरेका हुन् । धर्नाको नेतृत्व जिल्ला संयोजक टिका छिरिंगले गरेका थिए भने केन्द्रीय सदस्य ध्रुव चालीसे, केन्द्रीय अध्यक्ष विनय यादव र स्थानीय समाजसेवीहरूको उपस्थिति रहेको थियो । सहभागीहरूले "पोखरा अन्तराष्ट्रिय विमानस्थल पूर्णरुपले संचालन गर", "विमानस्थल निर्माणमा भएको भ्रष्टाचारको छानवीन गर", "नागरिक उड्यन प्राधिकरणका असफल तथा भ्रष्ट्र महानिर्देशकलाई भर्खास्त गर", "चिनियाँ राजदूतसँग कूटनीतिक नोट माग गर" लगायतका नारासहित प्लेकार्ड बोक्दै नारा जुलुस गरेका थिए । प्रदर्शनकारीहरूले पोखरा अन्तराष्ट्रिय विमानस्थलको पूर्ण संचालन र निर्माणमा भएको प्राविधिक त्रुटिको समाधान गर्न जोडदार माग राखेका छन् । साथै, विमानस्थलको निर्माणमा लागेको चर्को ब्याजदरको ऋणलाई अनुदानमा परिणत गर्न सरकारलाई पहल गर्न आग्रह गरेका छन् । उक्त धर्ना कार्यक्रममा पोखराका नागरिकहरूले भ्रष्टाचारविरुद्धको आवाजलाई बलियो बनाउँदै, विमानस्थल सञ्चालन र भ्रष्टाचारको छानवीनमा तत्काल कदम चाल्न सरकारलाई चेतावनी दिएका छन् ।

## मेयर साहको चौतर्फी आलोचना

राकेश यादव, रौतहट । गौर नगरपालिकाका नगर प्रमुख शम्भू साहको चौतर्फी रुपमा विरोध हुन थालेको छ । रौतहट जिल्लाको सदरमुकाम गौरमा रहेको प्रादेशिक अस्पतालमा कार्यरत महिला चिकित्सक, स्वास्थ्यकर्मी र कर्मचारीलाई लक्षित गरी असोज ८ गते जारी गरेको विज्ञप्तिलाइ लिएर मेयर साहको तीव्र आलोचना भइरहेको हो । महिलाहरुको पर्व हरितालिका तीजको दर खाने कार्यक्रममा प्रादेशिक अस्पताल गौरको सभाहलमा अस्पतालका चिकित्सक कर्मचारीहरुले आयोजना गरेको कार्यक्रममा महिला स्वास्थ्यकर्मीहरुले गरेको नाच गानको विषय लिएर असोज ८ गते महिला स्वास्थ्यकर्मीहरु माथि लक्षित गर्दै लिखित रुपमा अभद्र टिपण्णी गरेको कारण नगर प्रमुख साहप्रति महिला स्वास्थ्यकर्मीहरु आक्रोशित भएका हुन् । गएको भाद्र १९ गतेमा भएको कार्यक्रमलाई लिएर मेयर साहले करीव २० दिन पछि जारी गरेको विज्ञप्ति महिला स्वास्थ्यकर्मी, चिकित्सक तथा कर्मचारीहरुको व्यक्तिगत अधिकारको कुंठित गर्ने उद्देश्य रहेको महिलाहरुको ठहर रहेको छ । तीज पर्व महिलाहरुको पर्व रहेकोले आयोजना गरिएको दर खाने कार्यक्रममा नाच गान गर्नु निजी तथा व्यक्तिगत स्वतन्त्रता रहेकोले मेयर साहले लिखित रुपमा पछि जारी गरेको विज्ञप्ति अस्मिता माथिको खेलवाड़ रहेको भन्दै आपत्ति समेत जनाएको छन् । मेयर साहले जारी गरेको बिज्ञप्तिको १७ औ हरफमा दर खाने कार्यक्रमलाइ तीज पर्वको नाममा अभद्र क्रियाकलाप सञ्चालन गरेको उल्लेख गरिएको छ । विभिन्न सरकारी तथा गैर सरकारी कार्यालय र संघ सस्थामा कार्यरत रहेका महिला कर्मचारीहरुले तीजको पर्वमा दर खाने कार्यक्रम आयोजना गरिने गरेकोमा सोही क्रममा अस्पतालमा कार्यरत महिला कर्मचारीहरुले आयोजना गरेको दर खाने कार्यक्रम कुन तरिकाले अभद्र क्रियाकलाप भएको भनी प्रश्न समेत गरेका छन् । मेयर साह जिम्मेवार पदमा भएर पनि महिलाको अधिकारलाइ हनन गर्ने सोचले विज्ञप्तिमा यस्तो शव्द प्रयोग गरेको भन्दै टिपण्णी गरेका हुन् । प्रादेशिक अस्पताल गौरमा कार्यरत महिला स्वास्थ्यकर्मीले मेयर साहले जारी गरेको विज्ञप्तिमा प्रयोग गरेका शव्दको बिषयमा माफी नमागेमा विरोधमा संघर्षमा उत्रिने समेत चेतावनी दिएका छन् ।

## मोरङमा चट्याङ लागेर एकको मृत्यु

मोरङ । रंगेली नगरपालिका-९ धन्झुवा बस्ने २८ वर्षीया सात्रो हेमरमको चट्याङ लागेर मंगलबार दिउँसो मृत्यु भएको छ । आफ्नै घर नजिकै धान खेतमा घाँस काट्दै गरेको अवस्थामा चट्याङ लागेर उनको घटनास्थलमै मृत्यु भएको हो । साथै चट्याङ लागेर घाइते भएकी १ जनाको रंगेली अस्पतालमा उपचार भइरहेको छ ।

## स्रोत नखुलेको रकम सहित दुई जना पक्राउ

बाँके । नेपालगंज उपमहानगरपालिका-४ गणेशपुरबाट स्रोत नखुलेको नगद १६ लाख १० हजार २ सय ५५ नेपाली रूपैयाँ र ५९ हजार ५ सय भारतीय रूपैयाँ सहित २ जनालाई मंगलबार बिहान प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही ठाउँ बस्ने मोहम्मद हबिब सिद्दिकी र मोहम्मद कादिर सिद्दिकी रहेका छन् । मोहम्मद हबिबको घरमा अवैध हुण्डी कारोबार भइरहेको भन्ने सूचना प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय बाँकेबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त नगद सहित पक्राउ गरेको हो  ।

## लोकतान्त्रिक खेलकुद संघ विस्तार

कपिलवस्तु । नेपाल लोकतान्त्रिक खेलकुद संघ जिल्ला कार्य समिति कपिलवस्तुको विस्तार गरिएको छ । नेपाली काँग्रेस पार्टीको भातृ संगठन लोकतान्त्रिक संघका जिल्ला अध्यक्ष पदम प्रताप सेनले समिति विस्तार गरेका हुन् । बिस्तारित समिति २३ सदस्यीय पुगेको छ । संघको उपाध्यक्षमा नारायण अर्याल, कालिका उपाध्याय, मोहम्मद सरिफ मुसलमान र सचिवमा रण बहादुर क्षेत्रीलाई मनोनयन गरिएको छ । त्यसैगरी कोषाध्यक्षमा बम बहादुर कुँवर, सहसचिवमा नवराज पौडेल, बिन्दु शाहनी क्षेत्री, दिपक थारु र गणेशलाल कर्ण चयनमा परेका छन् । सदस्यहरुमा क्रमशः उमानाथ पोखेल, कोपिला थापा, वेद प्रकाश भुसाल, संगिता पोखेल, माधुरी ओली गिरी, दिप कुमार केवट, केशव थापा, मैनुद्दिन मुसलमान, राकेश तिवारी, अहमद हुसेन, अब्दुल जाहिद, बिशेन्द्रसिंह रावल र हरिबहादुर गुरुङ्ग मनोनयनमा परेका छन् । खेल क्षेत्रको बिकासमा टेवा पुर्याउने उद्धेश्यका साथ खेल क्षेत्रमा क्रियाशिल व्यक्तित्वहरुलाई संघमा मनोनयन गरी जिल्ला कार्यसमिति बिस्तार गरिएको संघका जिल्ला अध्यक्ष सेनले जानकारी दिए । साथै सघले जिल्लामा नयां खेलाडी हरुको पहिचान र प्रबर्द्धन गर्ने जनाएको छ ।

# ‘गुरुदेव कामतका समकालीन संगीतकारहरूको अवस्था पनि उस्तै छ’

**० तपाईं सांगीतिक क्षेत्रमा लागेको कति वर्ष भयो ?**

– मेरो पहिलो गीत २०५२ सालमा रेकर्ड भएको थियो ।

**० तपाईं आफूलाई के भनेर चिनाउनुहुन्छ ?**

– मलाई स्रोताहरूले संगीतकारका साथै गायकका रूपमा पनि चिन्छन् । मैले गायनमा लाग्नुअघि गीतहरू लेख्थेँ । मैले लेखेका गीतहरूमा अन्य गायकहरूले पनि स्वर दिनुभएको छ । २०५६ मा मेरो एउटा म्युजिक भिडियो पनि आएको थियो । मैले २०५८/५९ मा शास्त्रीय संगीतको पनि शिक्षा लिन थालेँ । मैले पाँच वर्ष जति शास्त्रीय संगीतको शिक्षा लिएको थिएँ ।

**० हालसम्म तपाईंले कति वटा गीत लेखिसक्नुभएको छ ?**

– लेखेका गीतहरू त सयौँ छन् । तर, रेकर्ड भएका वा अन्य गायक/गायिकाले गाएका गीत १०-१२ वटा छन् ।

**० गायनको यात्रा कस्तो छ ?**

– खासमा मैले पाँच वर्ष शास्त्रीय संगीतको शिक्षा लिइसकेपछि बीचमा केही कारणवश सांगीतिक क्षेत्र छोड्नुपरेको थियो । सांगीतिक क्षेत्र छाडेर म सञ्चार क्षेत्रमा लागेँ । एउटा टेलिभिजनमा काम गर्न थालेँ । जसले गर्दा झण्डै १०-११ वर्ष मैले सांगीतिक क्षेत्रमा त्यति क्रियाशील हुन पाइनँ । मिडियातिर नै मेरो व्यस्तता भयो । त्यसपछि भने फेरि सांगीतिक क्षेत्रमा आबद्ध भई सिक्ने र सिकाउने तर्फ सक्रिय भएँ । मैले आफ्नै संगीत विद्यालयको पनि स्थापना गरेँ । बागमती संगीत प्रशिक्षण केन्द्रको मैले स्थापना गरेको छु । यसका साथै अन्य विद्यालयहरूमा पनि संगीत सिकाउँदै आएको छु । यद्यपि गायनकर्म चाहिँ चल्दैछ ।

**० तपाईं केही वर्ष सांगीतिक क्षेत्र छाडेर सञ्चार क्षेत्रमा आबद्ध हुनुभएको थियो । के कारणले यस्तो निर्णय लिनुपरेको थियो ?**

– संगीतमा मेरो लगाव सानैदेखि भएकाले यसलाई मैले आफ्नो साधनाका रूपमा लिँदै आएको छु । तर, सञ्चार क्षेत्रलाई मैले पेशाका रूपमा लिएको थिएँ । त्यसबेला सञ्चार क्षेत्रका लागि आएको अफर मेरो लागि ठूलो थियो । मलाई सानोदेखि नै क्यामेरासँग मोह थियो । भिडियोहरू बनाउने कार्य म पहिलादेखि नै गर्दै आइरहेको थिएँ । सगरमाथा टेलिभिजनमा कामको अफर आएपछि मैले त्यसलाई नकार्न सकिनँ । पूरा समय नै त्यतै दिइयो । त्यसैले गर्दा मेरो सांगीतिक यात्रामा ठूलो अवरोध भएको थियो । मेरो संगीत कर्मले उचाई पाउने बेलामै राकिन पुग्यो । मिडिया छाडेपछि फेरि सांगीतिक क्षेत्रमा लागेको छु ।

**० करिब एक दशकपछि पुनः सांगीतिक क्षेत्रमै सक्रिय हुनुहुन्छ । यति लामो समयको अन्तराल हुँदा कति गाह्रो हुँदो रहेछ ?**

– संगीत भनेको साधना हो । साधना नै नभएपछि त गाह्रो भइहाल्छ । दश वर्ष भनेको ठूलो समय हो । सांगीतिक यात्रालाई जोगाउनका लागि मैले फेरि साधना नै गर्नुपर्‍यो । एक लेभलको साधना पूरा गरेपछि हामीले साथीहरूसँग सरसल्लाह गरेर एउटा संगीत विद्यालयको स्थापना गर्‍यौं ।

**० सांगीतिक क्षेत्रमा तपाईंको विधा चाहिँ कुन हो ?**

– मेरो विधा भनेको शास्त्रीय संगीत हो । हुन त वाद्यवादन पनि सिकाउँछु ।

**० तपाईंले कस्ता गीतहरू रचना गर्नुभएको छ ?**

– मैले लेखेका गीतहरू रोमान्टिकका साथै सेन्टिमेन्टल पनि छन् ।

**० सांगीतिक क्षेत्रमा लाग्न दिने पारिवारिक वातावरण अझै भइनसकेकोले व्यावसायिक रूपमा प्रतिबद्ध भएर यस क्षेत्रमा लाग्ने अवस्था छ ?**

– विगतमा कलाकारिता क्षेत्रमा लाग्न गाह्रो पनि थियो । किन भने घरपरिवारले पनि यसको महत्व बुझेको थिएन । अझ गीत गाउनेहरूमाथि पनि विभिन्न किसिमका टिका टिप्पणी गर्ने समाज थियो । त्यो चाहिँ नबुझेर हो जस्तो लाग्छ । तर, मलाई संगीतमा लाग्न मेरो घरपरिवारले नै प्रेरित गरेको थियो । बुवाले नै मलाई हरमुनियम किनिदिएर गुरु समक्ष पुर्‍याइदिनुभएको थियो । म्युजिकमा लागेर मेरो छोरा बिग्रिन्छन् भनेर बुवाआमाले कहिल्यै सोच्नुभएन । तर, के भयो भन्दाखेरि मैले नै आफ्नो यात्रालाई निरन्तरता दिन सकिनँ । संगीतमा मेरो अथाह सम्भावना भएका बेलामा छोड्नुपरेको थियो ।

**० सांगीतिक कर्म कतिको खर्चिलो छ ?**

– हेर्नुस्, पहिला-पहिला एकदमै सस्तोमा गीत रेकर्डिङ गर्न सक्ने अवस्था थियो । तर, अहिले एकदमै महँगो छ । अहिले एउटा गीत रेकर्डिङ कार्य सम्पन्न गर्न ६० हजारसम्म खर्च हुन्छ । अझ् म्युजिक भिडियो नै बनाउने हो भने चार-पाँच लाखसम्म खर्च हुने अवस्था छ । तर, यस्तो अवस्था रहे पनि कुनै एउटा मात्र गीत लोकप्रिय भएमा लाखौं कमाउन सकिन्छ ।

**० अहिले सांगीतिक क्षेत्रमा लागेकाहरूको अवस्थालाई कसरी हेर्नु हुन्छ ? केहीदिन अघि मात्र चर्चित शास्त्रीय संगीतकार गुरुदेव कामतको उपचारको अभावमा मृत्यु भयो ? के भन्नुहुन्छ ?**

– हो, नेपालका चर्चित गायकहरूले गुरुदेव कामत सरले कम्पोज गरेका गीतहरू गाएका छन् । ५० को दशकमा उहाँ चर्चाको शिखरमा हुनुहुन्थ्यो । एकपटक भए पनि कामत सरलाई भेट्न पाए हुन्थ्यो कि भन्ने चाहना गायकहरूमा हुन्थ्यो । उहाँको नाम नै धेरै आकर्षित थियो । सांगीतिक क्षेत्रमा उहाँका धेरै शिष्यहरू छन् । उहाँबाट सिकेका गायक गायिकाहरू सफल भएका छन् । उहाँ संगीत गुरुका रूपमा धेरैका गुरु बन्नुभयो । तर, उहाँले आफ्नो गीतहरू गाएर जिविकोपार्जन गर्न सक्ने अवस्था थिएन । त्यतिबेला संगीतको शिक्षा लिनेहरूमध्ये कसैले पैसा दिन्थ्यो कसैले दिँदैन्थ्यो । त्यो समय त्यस्तै खालको थियो । उहाँ काठमाडौंमा डेरा लिएर बस्नुहुन्थ्यो । परिवार पाल्नुपर्‍यो खर्च निकै थियो । उहाँको सम्भावना धेरै थियो । चेलाले गाउन सक्ने गुरुले गाउन नसक्ने कुरा त हुँदैन । उहाँमा प्रचुर सम्भावना थियो । तर, के गर्ने गीत गाएर मात्र हुँदैन रेकर्डिङ गर्नु पर्छ । तर, उहाँसँग पैसा थिएन । आफ्नो शौख पूरा गर्न पैसा खर्च गर्नुपर्ने अवस्था उहाँको थिएन । उहाँ आर्थिक रूपमा सम्पन्न हुन सक्नु भएन । उहाँका समकालीन व्यक्तिहरूको कुरा गर्ने हो भने सबैलाई अप्ठ्यारो नै छ । हाम्रै गुरुको कुरा गर्ने हो भने चेलाहरू एकदमै प्रख्यात छन् । तर, हाम्रो गुरुको पनि अवस्था त्यस्तै छ । उहाँले सिकाएर फि लिने मात्र हो । उहाँले आफैले रेकर्ड गर्न सक्ने अवस्था छैन ।

**० शास्त्रीय गायक कामतलाई राज्यले उपचारका लागि किन सहयोग गरेन होला ?**

– हो, राज्यले बुझिदिएन । राजनीति गर्ने मान्छेले जेमा पनि राजनीति गर्न खोज्छन् । सम्मानित सृष्टाहरूको आयश्रोत कसरी बढाइदिने र आत्मनिर्भर भएर बाच्न सक्ने वातावरण कसरी मिलाइदिनेतर्फ राज्यको ध्यान पुगेन । गुरुदेव कामत ज्ञानको भण्डार भएको मानिस हुनुहुन्थ्यो । उहाँ जस्तो मानिसलाई राज्यले चिनेन । उहाँका चेलाचेलीहरू एकपटक स्टेजमा चढेको लाख-लाख रुपैयाँ लिन्छन् । तर, गुरुदेव सर समस्यामा पर्दा सहयोग गरिदिने भएनन् । पैसा भएन । कलाकारलाई राज्यको गहना भन्ने गरिन्छ । तर, गहना बनाउने शिल्पकारलाई राज्यले हेरिदिएन । राजनीति हाबी भयो । ज्ञान नभएका मानिस माथि-माथि आए, ज्ञान भएकाहरू ओझेलमा पर्दै गए । कामतले पैसाको अभावमा काठमाडौंमा उपचार गराउन नसकेर गाउँ पुग्नुभयो । त्यही मृत्युवरण गर्नुभयो । योभन्दा दुखदायी कुरा के हुन सक्छ । अब हामी पाउँछौं त गुरुदेव कामतलाई ? कमजोरी चाहिँ राज्यको हो । उहाँ बिरामी रहेको कुरा राज्यलाई थाहा थियो । तर, आर्थिक सहयोगमा तदारुकता देखाएन । शास्त्रीय संगीतको सम्बर्द्धन र शास्त्रीय संगीतकारको हितमा राज्य उदासिन देखिएको छ ।



समीर सागर, संगीतज्ञ

**० सांगीतिक क्षेत्रमा लाग्न चाहने नयाँ पुस्तालाई के सल्लाह दिनुहुन्छ ?**

– सबैभन्दा पहिला सिक्नुपर्‍यो । संगीतको सुर र तालसम्बन्धी ज्ञान नभएर अगाडि बढ्न सकिँदैन । रागहरू बुझ्नुपर्‍यो । गीतहरू रागमा आधारित हुन्छन् । शास्त्रीय संगीत एउटा नियमभित्र बसेर सुत्रहरू प्रयोग गरेर गाउने गरिन्छ । अहिले संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान छ । संगीतमा लाग्नेहरूका लागि संगीतकार संघ छ । रचनाकारहरूका लागि गीतकार संघ छ । अन्य विभिन्न संघहरू पनि छन् । प्रचूर मात्रमा अहिले अवसर छ । रेकर्डिङ पनि एकदमै सहज भएको छ । तर, संगीत बुझेर लाग्नुपर्छ ।

**० नेपालमा शास्त्रीय संगीतको सम्भावना कस्तो छ ?**

– नेपालमा शास्त्रीय संगीतले उचाई पाउन सकेको छैन । यद्यपि, पछिल्लो समयमा केही आश लाग्दा कलाकारहरू देखिन थालेका छन् । शास्त्रीय संगीतलाई संगीतको जननी भनेर पनि भनिन्छ । तर, शास्त्रीय संगीत जहिले पनि आझेलमै परेको देखिएको छ । किन भने मानिसमा धैर्यता छैन । शास्त्रीय संगीत भनेको नियमअनुसार गाउनुपर्ने विधा हो । गायक मात्र होइन श्रोताले शास्त्रीय संगीत बुझ्नुपर्छ । त्यही शास्त्रीय संगीतबाट सुगम संगीतलगायत विभिन्न किसिमका संगीत आएका छन् ।

## नेपाल र भारतका कलाकारले तयार पारेका कलाकृति प्रदर्शनी




काठमाडौं । नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान तथा स्वामी विवेकानन्द सांस्कृतिक केन्द्र, भारतीय राजदूतावासको संयुक्त आयोजनामा नेपाल र भारतका कलाकारले तयार पारेका कलाकृतिको प्रदर्शनी सुरु भएको छ । काठमाडौंको नक्सालमा सोमबारदेखि सुरु भएको कलाकृति ‘रामायण: साझा धरोहर’ शीर्षकको प्रदर्शनीको संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डे र नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले उद्घाटन गरेका हुन् ।

उनीहरूले यस्ता कला प्रदर्शनीले दुई देशको संस्कृति आदानप्रदानमा योगदान पुग्ने बताए । सो क्रममा उनीहरूले प्रदर्शनीको अवलोकन समेत गरेका थिए । नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छालीले पछिल्लो समयमा विभिन्न देशसँग मिलेर कला प्रदर्शनी आयोजना गर्न थालिएको र यसबाट संस्कृति आदानप्रदानसँगै पर्यटन प्रवर्द्धनमा समेत सहयोग पुग्ने विश्वास व्यक्त गरे । यस्ता प्रदर्शनीले एकअर्काको कला सिर्जनाको सिकाइ समेत आदानप्रदान हुने र संस्कृति बुझ्ने मौका समेत मिल्ने उनको भनाइ थियो । प्रतिष्ठानका सदस्य सचिव देवेन्द्र थुम्केलीले प्रतिष्ठानले देशभित्रै र विदेशमा समेत आफ्नो गतिविधि फैलाउँदै लगेको र यसले ललितकला क्षेत्रलाई रूपान्तरण गर्ने योजना सार्थक बन्दै गएको बताए । असोज १४ गतेसम्म हुने प्रदर्शनीमा नेपाली ४ कलाकारका ५ कलाकृति र भारतका ३० कलाकारका ४२ कलाकृति राखिएका छन् । भारतीय कलाकार गार्गी सेठ क्युरेटर तथा डाइरेक्टर रहेको प्रदर्शनीमा कलाकारले रामायण सम्बन्धी चित्र सिर्जना गरेका छन् ।


## डेंगीबाट बच्ने उपायहरू

- लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्छ ।
- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाडाँलाई छोपेर राखौं ।
- लामखुट्टे भगाउने धुप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- अँध्यारा कुना-काप्चामा कीटनाशक औषधी छर्कने गरौं ।
- कम्तिमा हप्ताको एकपटक एयर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु सफा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## डेंगीका लक्षणहरू

डेंगीका लक्षणहरु
- एक्कासी ज्वरो आउनु,
- ५-७ दिनसम्म ज्वरो रहनु,
- बेस्सरी टाउको दुख्नु,
- आँखाको गेडी दुख्नु,
- हाडजोर्नी मांशपेसी र ढाड दुख्नु,
- शरीरमा बिबिरा आउनु,
- रिङ्टा लाग्नु,
- वाक्वाकी लाग्नु, बान्ता हुनु,

यस्ता लक्षणहरु देखिएमा तत्काल स्वास्थ्यकर्मीसँग परामर्श गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## नेपाल-भारत महिला मैत्री समाजद्वारा शुभकामना आदान-प्रदान

काठमाडौं । नेपाल-भारत महिला मैत्री समाजले शनिबार काठमाडौँको बुद्धनगरमास्थित डी.डी.आइ ब्याङ्केटमा नेपाल र भारतका विभिन्न क्षेत्रमा मनाइने जितिया पर्व २०८१ को उपलक्ष्यमा शुभकामना आदान प्रदान तथा सांस्कृतिक कार्यक्रम सम्पन्न गरेको छ ।

कार्यक्रममा विभिन्न राजनीतिक दलका सदस्यहरु, विशिष्ट व्यक्तिहरु, सशस्त्र प्रहरी परिवार महिला संघका पधाधिकारीहरु, भारतीय रादूतावासबाट माहिला प्रतिनिधिको रूपमा गरिमा नौटयाल, नेपाल महिला संघका प्रतिनिधिहरु, मधेशी महिला समाजका प्रतिनिधिहरु, राष्ट्र सेविका समितिका प्रतिनिधिहरु, नेपाल विद्यार्थी संघ तथा नेपाल तरुण दलका महिला प्रतिनिधिहरु एवम् विभिन्न संघ संस्थाका महिला प्रतिनिधिहरु समेत लगायतका विभिन्न अतिथिगणहरुको उपस्थिति भई सफलतापूर्वक कार्यक्रम सफल भएको थियो ।



उक्त कार्यकममा नेपाल भारत महिला मैत्री समाजकी अध्यक्ष चन्दा चौधरीले जितीया पर्वको विशेष महत्त्व भन्दै, यो पर्व खासगरी महिलाहरुद्वारा आफ्नो सन्तानको सुख, समृद्धि र लामो आयुका लागि मनाइने विश्वकै एक कठिन पर्व हो जुन ३ दिनसम्म व्रत बसी मनाईने गरिन्छ भन्ने मन्तव्य राख्दै जितीया पर्वको शुभकामना दिइन् ।

सँगसँगै यस संस्थाबाट महिला सशक्तिकरणको लागि भएको अनेकौं सामाजिक कार्यक्रम, शान्ति र मित्रताको सम्बर्द्धन, शिक्षा र सीप विकासमा योगदान, सामाजिक विकासमा सहकार्य, गरिबी निवारणमा सहयोग एवम् विपद्मा परेका पीडितहरुलाई सहयोग समेत गरेको जिकिर गर्दै आगामी दिनमा पनि यो संस्थाबाट थप ऊर्जाका साथ यसरी नै जनताको सेवा गर्नेछौं भन्ने संकल्प समेत गरिन् ।

त्यसैगरी, पूर्वउपसभामुख एवम् पूर्वशिक्षामन्त्री चित्रलेखा यादवले समेत आफ्नो मन्तव्य राख्दै यस संसारका रचयीता माहिला नै हुन् र भगवानले पनि समेत माहिलालाई बढी विश्वास गर्नुहुन्छ भन्ने धार्मिक मान्यता रहेकोले महिलाहरुले नै अधिकांश पर्वमा व्रत बस्नु पर्छ भन्ने विचार समेत राख्दै यस पर्वको शुभकामना दिएकी हुन् ।

भारतीय राजदूतावासको तर्फबाट महिला प्रतिनिधिको रूपमा उपस्थित भएकी गरिमा नौटयालले पनि आफ्नो मन्तव्य राख्दै जितीया पर्वको शूभकामना दिएकी छन् ।

सधैँभरि यसरी नै सुखी स्वस्थ्य रही उत्साहित रूपले आगामी दिनमा पनि यस्तै कार्यक्रम आयोजना गरी नारी शक्तिको एउटा सन्देश पनि प्रकट हुन्छ भन्दै आग्रह समेत गरिन् ।





पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

**कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।**

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, का. सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं